# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा विचार विनिमयको सशक्त एवम् प्रभावकारी माध्यम हो । भाषा विना मानव समाजको परिकल्पना पनि गर्न सकिँदैन । भाषा मानवीय र सामाजिक वस्तु भएकाले भाषाको प्रयोग मानव समाजमा हुन्छ । भाषालाई मानवीय बोली र सम्प्रेषणात्मक व्यवहारको रूपमा लिइन्छ । भाषालाई विकसित रूपमा अघि बढाउन भाषिक सिपको आवश्यकता पर्दछ । भाषिक सिपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ पर्दछन् । भाषाका सिपहरूमध्ये लेखाइ सिपलाई महत्त्वपूर्ण सिपको रूपमा लिइन्छ । लेखाइ सिपले भाषालाई जीवन्त र चिरस्थायी बनाउनुका साथै भाषिक कुशलता अभिवृद्धि गर्न सहयोग पुऱ्याउँछ । त्यसैले भाषिक सिप विकासका लागि विभिन्न कार्यकलापहरूको आवश्यकता पर्दछ । जसमध्ये लेखाइ सिपको महत्त्वपूर्ण कार्यकलापको रूपमा बुँदाटिपोटलाई लिइन्छ ।

पढेका वा सुनेका अभिव्यक्तिलाई बुझी त्यसका मुख्य मुख्य कुराहरू टिप्ने कार्यलाई बुँदाटिपोट भनिन्छ । बुँदाटिपोट एउटा कला हो । जसमा समुद्रको गहिराईमा पसेर सिप छाडेर मोती छान्ने जस्तै सारभूत कुराहरूलाई मात्र टिपिन्छ । कुनै वक्तव्यभित्र वा मूलभूत कुराहरूलाई ठिकठिक ढङ्गबाट पक्रन बुँदाटिपोटको मुख्य तात्पर्य हो । वक्तव्यभित्र दुई कुराहरू हुन्छन्; व्यक्त वक्तव्य र अव्यक्त वक्तव्य शब्दबद्ध भएर वाह्य रूपमा प्रकट भइसकेको वक्तव्य व्यक्त वक्तव्य हो भने मान्छेका मनमा अर्थात आन्तरिक तहमा धारणाका रूपमा रहेको तर प्रकटमा नभएको वक्तव्य अव्यक्त वक्तव्य हो । यी दुवै वक्तव्यमा पाइने, मूलभूत कुराहरूको पहिचान गरी तिनलाई लिपिबद्ध गर्नु नै बुँदाटिपोट हो (पौडेल र पौडेल, २०६७ : १५७) । मानव मनका अभिव्यक्तिलाई त्यसको सार नबदलिने गरी मुख्य मुख्य कुरालाई टिप्नु नै बुँदाटिपोट हो ।

भाषालाई ज्ञान आर्जनको सशक्त र प्रभावकारी माध्यमका रूपमा लिइन्छ । भाषाको आर्जन व्यक्तिले समाजबाट नै गर्दछ । भाषाको आर्जन एकातिर घर परिवार तथा छिमेकको सम्पर्कबाट स्वतः हुँदै गइरहेको हुन्छ भने अर्कोतिर औपचारिक शिक्षाबाट पनि यसको आर्जन गर्न सकिन्छ (शर्मा र पौडेल, २०६० : १) । भाषा विचार आदानप्रदानको महत्त्वपूर्ण माध्यम

हो । मानिसले देखेका, सुनेका, पढेका वा अनुभव गरेका कुरालाई अरू समक्ष व्यक्त गर्न वा अरूले भनेका कुरालाई ग्रहण गर्न भाषाको आवश्यकता पर्दछ ।

सामान्य अर्थमा नयाँ कुराको खोजी गर्ने कार्यलाई अनुसन्धान भनिन्छ । नयाँ तथ्य पत्ता लगाउन वा पुरानै तथ्यको पुनरावलोकन र पुनर्व्याख्या गर्न अनुसन्धान गरिन्छ (भण्डारी र अन्य, २०६९ : १) । अनुसन्धानका क्रममा अध्ययन विश्लेषण र निष्कर्षका सम्पूर्ण चरण र प्रक्रिया पुरा गरिसकेपछि त्यसको व्यवस्थित सङ्गठन गर्ने काम अनुसन्धान प्रतिवेदन लेखनमा हुने भएको हुँदा यहाँ रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन शीर्षकमा अनुसन्धान शोधपत्र तयार पारिएको छ ।

बुँदाटिपोट सङ्कथनका मूलभूत रूपमा समावेश हुनुपर्छ । प्रमुख विषयवस्तु छुट्नु हुँदैन । बुँदाटिपोट शब्द शब्द समूह, चिह्न, सङ्केत वा अन्य कुनै रूपमा गर्न सकिन्छ र यसरी गरिएको टिपोटलाई न्यूनतम बोधगम्यताका साथ अनुच्छेदको रूपमा पनि दिन सकिन्छ । बुँदाटिपोटमा सिलसिलावर, क्रमबद्ध, स्पष्ट र सङ्क्षिप्तता हुनुपर्दछ र यसमा असमापिका क्रियाको प्रयोग हुनुपर्छ (पौडेल, २०७० : ९९, १००) । विद्यार्थीहरूमा नभई नहुने भाषिक सिपमध्ये बुँदाटिपोट पनि एक हो । यसले विद्यार्थीहरूलाई धेरै कुरालाई थोरै र थोरै कुरालाई धेरै बनाउने सिपको विकास गराउन मद्दत गर्दछ ।

कुनै पनि विधाबाट पढेका, सुनेका र मनमा उब्जेका विचारलाई टिपोट नगर्दा बिर्सने डर हुन्छ । त्यसैले मौखिक अभिव्यक्तिमा रहेका सारभूत वा गाँठी कुरालाई सूत्रका रूपमा टिपोट गर्नुपर्छ । मान्छेका मनमा उठ्ने विभिन्न प्रकारका भाव वा भावनाको यथा समयमा टिपोट गर्न नसक्दा ती अमूल्य विचार वा भावनाहरू विस्मृत हुन्छन् । विचारका उत्पत्तिलाई साकार रूप दिन समयमा बुँदाटिपोट गर्न आवश्यक हुन्छ । त्यसैले लेखाइ सिपका विभिन्न क्रियाकलापहरूमध्ये बुँदाटिपोट पनि एक महत्त्वपूर्ण कार्यकलाप भएकाले कक्षा नौका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्न आवश्यक देखिन्छ ।

## १.२ समस्याकथन

अनुसन्धान मानवीय ज्ञानको अभिवृद्धि गर्न महत्त्वपूर्ण साधनका रूपमा रहेको हुन्छ । समस्या वा विषयको निष्कर्ष निकाल्नु नै अनुसन्धान हो । कुनै पनि अध्ययन कार्यका लागि त्यसमा निहित समस्याहरूलाई महत्त्वपूर्ण मानिन्छ । जब समस्या आईपर्दछ तब मात्र त्यसको समाधानका लागि अध्ययन प्रक्रिया अगाडि बढाउनु पर्दछ । कुनै खास विषय क्षेत्रमा

देखिएका समस्याहरूको खोजी गर्न र तिनको समाधान गर्न कार्य शोधसँग सम्बन्धित हुने भएकोले समस्याकथनलाई अनुसन्धान कार्यको क्षेत्रमा अपरिहार्य तत्वका रूपमा लिइन्छ ।

भाषा शिक्षण भनेको भाषाको शिक्षण नभई भाषिक सिपहरूको शिक्षण हो । भाषाका आधारभूत सिपमध्ये सुनाइ, बोलाइ, पढाइ, लेखाइ पर्दछन् । यी सिपमध्ये सुनाइ र पढाइ ग्रहणात्मक भाषिक सप हुन् भने बोलाइ र लेखाइ प्रदानात्मक भाषिक सिप हुन् । भाषाका चारवटै सिप एक अर्कोमा अन्तर्सम्बन्धित हुन्छन् । भाषाका यी चारवटा सिपमध्ये बुँदाटिपोट लेखाइ सिपसँग सम्बन्धित सिप हो । लेखन क्षमताको विकासले कुनै पनि कुरालाई दीर्घकालसम्म रहिरहन मद्दत गर्दछ । बुँदाटिपोटका माध्यमबाट लेखन क्षमताको विकास हुनाका साथै व्यक्तिलाई अध्ययनशील सृजनशील बनाई भाषिक सिपहरूको स्तर वृद्धि गरी भाषालाई परिष्कृत बनाउँछ । भाषाका चार सिपहरूमध्ये लेखाइ सिपले भाषालाई चिरस्थायी बनाउँदछ । माध्यमिक तहको नेपाली पाठ्यक्रममा कृति समीक्षा कथा, कविता, निबन्ध, रूपक, जीवनी, व्याकरण, पठनबोध र अभिव्यक्ति जस्ता शीर्षकका माध्यमबाट भाषिक सिप विकासको अपेक्षा गरिएको छ । विद्यालय तहमा लेखनकला विकास गर्न विभिन्न प्रकारका कार्यकलापको अभ्यास गराउन सकिन्छ । बुँदाटिपोटको माध्यमबाट लेखन क्षमताको विकास गरी वर्तमानमा गरेका कार्यहरूलाई भविष्यसम्म राख्न सकिन्छ । विद्यार्थीहरूलाई लेखन कलामा निपूर्ण बनाई आफूले आर्जन गरेका ज्ञान, सिप, अनुभवहरू लामो समयसम्म सञ्चित गर्न र पछि अरूका लागि पनि उपयोगी बनाउन लिखित अभिव्यक्तिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

वर्तमान कक्षा नौको नेपाली विषयको पाठ्यक्रममा समावेश गरिएको बुँदाटिपोट सम्बन्धी पाठ्यवस्तुलाई महत्त्व दिइरहेको परिप्रेक्ष्यमा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीको बुँदाटिपोट क्षमताको अध्ययन कस्तो छ ? लिखित क्रममा के कस्ता समस्याहरू देखा पर्दछन् । त्यसको कारण पत्ता लगाई समाधानका उपायहरू खोज्ने गरिएको छ । प्रस्तावित शोधपत्र मुख्य गरी निम्नलिखित समस्याहरूको अध्ययनमा केन्द्रित रहेका छन् :

(क) रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट लेखन क्षमता कस्तो छ ?

(ख) सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति कस्तो छ ?

(ग) छात्र र छात्राका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि शोधकार्यलाई सफलताका साथ सम्पन्न गर्नका लागि अनुसन्धान गर्नुपूर्व यसको उद्देश्य तोकिनुपर्दछ । शोध समस्याले शोधार्थीलाई शीर्षकका मुख्य मुख्य बाटो देखाउने गर्दछ भने उद्देश्यले ती समस्याहरूको समाधानको बाटो देखाउँछ । त्यसैले शीर्षक बुँदाटिपोट क्षमताको अध्ययनसँग सम्बन्धित पुगिन्छ । त्यसैले शोधपत्रलाई लक्ष्यसम्म पुऱ्याउनका लागि निम्नलिखित उद्देश्यहरू उल्लेख गरिएको छ :

(क) रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु,

(ख) सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलना गर्नु,

(ग) लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिक र उपादेयता

भाषा मानवीय र सामाजिक वस्तु हो । भाषाको प्रयोग मानव समाजमा हुन्छ । भाषाका मुख्य गरी दुई रूप मौखिक र लिखित हुन्छ । यी दुबैको माध्यमबाट विचारको आदान प्रदान हुन्छ । भाषाको मूलरूप मौखिक भएपनि शैक्षिक संस्था सञ्चार तथा प्रशासनिक गतिविधिमा लिखित भाषाको प्रयोग हुन्छ । भाषाका चारवटा सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइका विभिन्न कार्यकलापहरूबाट विद्यार्थीहरूले भाषिक क्षमता हासिल गर्दछन् । त्यसैले भाषिक सिप विकासका विभिन्न कार्यकलापहरूमध्ये बुँदाटिपोट लेखाइ सिपसँग सम्बन्धित महत्त्वपूर्ण सिप हो । भाषाका विभिन्न सिपहरू मध्ये लेखाइ सिपलाई भरपर्दो माध्यमका रूपमा लिइन्छ ।

लेखाइ सिप आफैमा जटिल कार्य हो । त्यसैले विद्यार्थीहरूमा लेखाइ सिप क्षमताको विकास गरी लेखाइलाई प्रभावकारी र स्तरीय बनाउनका लागि विद्यालयका प्रारम्भिक कक्षाहरू देखिनै लेखाइ सम्बन्धी विभिन्न कार्यकलापहरू गराइन्छ । भाषाका चार सिपहरूमध्ये लेखाइ सिपले लिखित पक्षलाई अगाल्दछ । विद्यार्थीहरूले लिखित अभिव्यक्तिको

माध्यमबाट आफूले सुनेका, पढेका, देखेका र अनुभव गरेका ज्ञानलाई सिलसिलाबद्ध बनाएर प्रस्तुत गर्न सहयोग गर्दछ । कुनै पनि व्यक्तिले आफूले व्यक्त गर्न खोजेको कुराहरू कसरी प्रस्तुत गर्दछ भन्ने कुरा बुझ्न लेखन पक्षको महत्त्वपूर्ण भूमिका रहन्छ । विद्यार्थीहरूले आफूले पढेका, देखेका, सुनेका र अनुभव गरेका कार्यबाट आफूलाई मुख्य लागेका बुँदाहरूको टिपोट गर्न, भाषिक सिपमा दक्ष बनाउन र सिर्जनात्मक क्षमताको विकास गर्न बुँदाटिपोट क्षमताको छोटो छरितो रूपमा दक्ष बन्न सकिने भएको हुँदा यसको अध्ययन गर्नु औचित्यपूर्ण छ ।

बुँदाटिपोटले गर्दा विद्यार्थीहरूमा कुनै पनि कुराको सिलसिलाबद्ध, क्रमबद्ध, स्पष्ट, सङ्क्षिप्त र असमापिका क्रियाको प्रयोग गर्न सक्ने हुन्छन् । माथिल्ला कक्षाका तुलनामा तल्ला कक्षाहरूमा बुँदाटिपोट त्यति प्रयोग नभए पनि यसको माध्यमबाट विद्यार्थीहरूको लेख्य क्षमताको विकास गर्न सहज हुने हुँदा बुँदाटिपोट कार्य गराउनु हरेक दृष्टिकोणबाट सान्दर्भिक र औचित्यपूर्ण देखिन्छ । विद्यार्थीहरूको मौखिक तथा लिखित अभिव्यक्ति परिष्कार र परिमार्जन गर्दै लैजानुका साथै उनीहरूममा मौखिक लेखन क्षमताको विकास गर्न सिर्जनशील बन्न सहयोग गर्दै शुद्ध मानक स्तरको भाषा प्रयोग गर्न सहयोग पुऱ्याउने हुँदा नेपाली भाषाको प्रयोगकर्ता, विद्यार्थी र शिक्षक आदिलाई यो अध्ययन उपयोगी देखिन्छ ।

माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूमा बुँदाटिपोट, सङ्क्षेपीकरण,विस्तृतीकरण, अनुच्छेद लेखन, टिप्पणी लेखन, कविता, निबन्ध, संवाद, एकाङ्कीबाट विद्यार्थीहरूमा बुँदाटिपोट क्षमताको विकास गर्न सकिने भएकाले यो अध्ययनबाट विद्यार्थीहरू बढी रूपमा लाभान्वित हुनेछन् । विद्यार्थीहरूमा बुँदाटिपोटसम्बन्धी मूलभूत कुराहरूको बारेमा ज्ञान हुने कमीकमजोरीलाई पत्ता लगाई सुझाव प्रस्तुत गरिने भएकाले यस अध्ययनको उपयोगिता हुनेछ भन्न सकिन्छ ।

## १.५ अध्ययनको सीमाङ्कन

शोधार्थीले शोधपत्रलाई व्यवस्थित रूपमा अगाडि बढाउन शोधपत्रको निश्चित सीमाङ्कन निर्धारण गर्नुपर्दछ । कुनै पनि अध्ययनका क्षेत्रहरू व्यापक र विस्तृत हुने गर्दछन् । जसले गर्दा अध्ययनका सम्पूर्ण पक्षलाई समेट्न कठिन हुन्छ । निश्चित क्षेत्र, सीमा नतोकी अध्ययनलाई अगाडि बढाउन खोजे त्यो अध्ययन सत्य तथ्यपूर्ण र प्रभावकारी नहुन सक्दछ ।

त्यसैले निश्चित सीमाङ्कन निर्धारण गरी गरिएको शोधपत्रले मात्र उपयुक्त उद्देश्यहरू पुरा गर्न सक्दछ ।

प्रस्तुत शोधपत्रका निम्नानुसारका सीमाङ्कनहरू गरिएको छ :

(क) रुकुम जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूमा सीमित रहेको छ ।

(ख) रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूमा मात्र सीमित रहेको छ ।

(ग) प्रस्तुत अध्ययन कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकता र विद्यालयको प्रकृत्तिका आधारमा तुलनात्मक अध्ययनमा सीमित गरिएको छ ।

(घ) प्रस्तुत अध्ययनको निष्कर्ष विद्यार्थीहरूमा गरिएको परीक्षणबाट प्राप्त तथ्याङ्कको आधारमा गरिने व्याख्या विश्लेषणमा मात्र सीमित रहेको छ ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत अध्ययन रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन शीर्षकको शोधपत्रलाई निम्नलिखित खण्डमा विभाजन गरी अध्ययन गरिएको छ :

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको अध्ययन र सैद्धान्तिक अवधारणा

अध्याय तिन : अध्ययनको विधि र प्रक्रिया

अध्याय चार : समग्र विद्यार्थीहरूको आधारमा बुँदाटिपोट क्षमताको अध्ययन

अध्याय पाँच : विद्यालयको प्रकृतिका आधारमा बुँदाटिपोट क्षमताको अध्ययन

अध्याय छ : लैङ्गिकताका आधारमा बुँदाटिपोट क्षमताको अध्ययन

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भ सामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

कुनै पनि अनुसन्धान कार्य गर्नुभन्दा अगाडि त्यससँग सम्बन्धित विषयमा पहिला भइसकेका खोज कार्यहरूको  समीक्षा गर्नु पूर्वकार्यको समीक्षा हो । अनुसन्धान पत्रपत्रिका तथा अन्य श्रव्यदृश्य सामग्री पढेर, सुनेर, अध्ययन मनन गरेर तिनको सङ्क्षिप्त टिप्पणीमूलक समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (भट्टराई, २०६८ : १२६) । वर्तमानले भविष्यलाई सङ्केत गरेझैँ पूर्वकार्यको अध्ययन र अनुभवले वर्तमानमा गर्न लागेका अनुसन्धानलाई गतिशील बनाउन सहयोग गर्ने हुँदा आफूले गरेको अनुसन्धानलाई उद्देश्यमूलक र प्रभावकारी बनाउन पूर्व शोधकार्यहरूले भाषिक शोध अनुसन्धानको विषय मार्फत विद्यार्थी पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई के कस्ता उपलब्धि प्रदान गर्न सक्दछ भन्ने सन्दर्भमा ती शोधहरूको समीक्षा हुन आवश्यक छ ।

पूर्वकार्यको समीक्षाबाट सम्बन्धित विषयवस्तु वा शीर्षकमा के कस्ता शोधकार्यहरू भएका छन् र हुन बाँकी छन् ? भएका अनुसन्धानको उद्देश्य र निष्कर्षहरू के कति समय सापेक्ष छन् ? आदि जस्ता पक्षमा सूक्ष्म अध्ययन गरी प्रस्तुत शोधकार्यलाई अगाडि बढाउन सही मार्गमा डोऱ्याउन मद्दत गर्दछ । प्रस्तुत अध्ययनसँग सम्बन्धित अनुसन्धान केन्द्रको पुस्तकालय, क्याम्पस पुस्तकालय, विश्वविद्यालय पुस्तकालय, पत्रपत्रिका अभिलेख वा विभिन्न पाठ्यपुस्तक प्रकाशन भएका तथा निबन्ध लेखन, अनुच्छेद लेखन, सारांश लेखन, चिठी लेखनसँग सम्बन्धित पूर्व अध्ययनले यो अध्ययनलाई प्रेरित गर्न हुँदा 'रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन' यसलाई अनुसन्धान विषयको रूपमा लिएको छ । पूर्वकार्यको समीक्षाले त्यस विषयमा भएका सबै कृति तथा अनुसन्धानहरूको जानकारी दिन्छ र विशिष्टीकरण गर्न र सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न नयाँ प्रविधि अपनाउन सहयोग गर्दछ ।

बुँदाटिपोट क्षमताको अध्ययनले अनुसन्धानलाई क्रमबद्ध, व्यवस्थित र उपयोगी बनाउन सहयोग पुगोस् भन्ने उद्देश्यले आवश्यक पुस्तक र शोधपत्रको समीक्षालाई निम्नानुसार उल्लेख गरिनेछ ।

### २.१.१ पुस्तक समीक्षा

शर्मा (२०५७) द्वारा लिखित 'शब्दरचना र वर्णविन्यास' नामक पुस्तक प्रकाशित छ । उक्त पुस्तकमा लेखन सिप विकासका विभिन्न कार्यकलापहरूमध्ये बुँदाटिपोट पनि समावेश गरिएको छ । त्यसैले यो पुस्तक लेखन सिप विकासका लागि महत्त्वपूर्ण मानिन्छ । यस पुस्तकमा लेखन सिप विकास गराउनका लागि बुँदाटिपोटको सामान्य परिचय दिइएको छ । बुँदाका परिचय र बुँदाटिपोटको अर्थ र परिभाषा पनि समावेश गरिएको छ । बुँदाटिपोटको विधि र नियमअन्तर्गत पठन, पूर्वपठन, निर्धारण, रेखाङ्कन, सङ्ख्याङ्कन, फरक टिपोट, बुँदाउतार, खेस्रोलेखन, रुजु, परिमार्जन, परिष्कार, साफी, शीर्षक विधि र नियम उल्लेख गरिएको छ । त्यसैगरी यस पुस्तकमा बुँदाटिपोटको प्रयोग र नमुना जस्ता कुराहरू पनि उल्लेख गरेको हुनाले यो पुस्तक प्रस्तुत अध्ययन शोधकार्यका लागि उपयोगी हुनेछ ।

अधिकारी र शर्मा (२०६१) द्वारा लिखित 'प्रारम्भिक नेपाली शिक्षण' नामक पुस्तक प्रकाशन गरिएको छ । यस पुस्तकलाई पनि विद्यार्थीहरूको लेखाइ सिप विकासका लागि आवश्यक मानिन्छ । यस पुस्तकमा नेपाली भाषा शिक्षणका भाषिक सिप अन्तर्गत लेखाइ सिप शिक्षणको आवश्यकता दिइएको छ । उक्त पुस्तकमा लेखाइ सिप शिक्षणका कार्यकलापहरूअन्तर्गत निर्देशित लेखन, स्वतन्त्र वा सिर्जनात्मक लेखन र लेखाइको शुद्धीकरण उल्लेख गरिएको छ । लेखन कला सिपको विकासले विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा पूर्ण रूपले सहयोग पुऱ्याउँछ । त्यसैले प्रस्तुत शोधकार्यका लागि यो पुस्तकले सैद्धान्तिक आधारहरू उपयोग गरी सहयोग गर्न अपेक्षा गरिएको छ ।

अधिकारी (२०६३) द्वारा लिखित 'नेपाली भाषा शिक्षण' नामक पुस्तक पनि लेखन सिप विकासका लागि महत्त्वपूर्ण मानिन्छ । यस पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षहरूका बारेमा चर्चा गर्ने क्रममा लेखाइ सिप शिक्षणको पनि चर्चा गरिएको छ । जसअन्तर्गत लेखाइ सिपको आवश्यकता र महत्त्व दिइएको छ । त्यसैगरी लेखाइ प्रयोजनपरक तह, लेखाइमा पाइने कमजोरी विद्यार्थीहरूले लेख्दा गर्ने त्रुटिका क्षेत्रहरू पनि उल्लेख  गरेको पाइन्छ । लेखाइ शिक्षणका कार्यकलापहरूअन्तर्गत लेखाइको शुद्धीकरण, आभ्यासिक र निर्देशित लेखन जस्ता विषयहरू उल्लेख गरिएका छ । त्यसैले यो पुस्तक प्रस्तुत शोाधकार्यका लागि उपयोगी हुनेछ ।

ज्ञवाली र ज्ञवाली (२०६५) द्वारा लिखित 'शैक्षिक तथा सिर्जनात्मक लेखन' नामक पुस्तक प्रकाशित छ । उक्त पुस्तक विद्यार्थीहरूको सिर्जनात्मक लेखन सिप विकासका लागि महत्त्वपूर्ण मानिन्छ । यस पुस्तकमा लेखन सिप विकासका विभिन्नपक्षहरूमध्ये बुँदाटिपोटसम्बन्धी परिभाषा, बुँदाटिपोटको परिचय दिइएको छ । त्यसैगरी बुँदाटिपोटको प्रयोजन बुँदाटिपोट गर्ने तरिका जस्ता कुराहरू उल्लेख गरिएको छ । उक्त पुस्तकमा बुँदाटिपोट गर्दा टिपिएका बुँदामा सङ्क्षिप्तता, पूर्णता, स्पष्टता, क्रमबद्धता र मौलिकता हुनुपर्दछ भन्ने कुरामा समेत जोड दिएको छ । यो पुस्तक बुँदाटिपोटसँग सम्बन्धित भएकाले यो प्रस्तुत शोधकार्यका लागि उपयोगी हुनेछ ।

बराल र एटम (२०६६) द्वारा लिखित 'माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास' नामक पुस्तकमा बुँदाटिपोटको परिचय, बुँदाटिपोट गर्ने तरिका, बुँदाटिपोटको नमुना खेस्रा बुँदाटिपोट र साफी बुँदाटिपोट उल्लेख गरिएको छ । कुनै पनि दृष्टांश (पहिले पढेका) गद्यांश वा पद्यांशमा रहेको मूल विचारलाई त्यसको सिलसिला वा सन्दर्भ लिएर व्याख्या गरी स्पष्ट गर्नु उदाहरण र दृष्टांन्त तथा उपमा दिएर आफ्नो विचार दिइएका छन् ।

पौडेल र पौडेल (२०६६) द्वारा लिखित 'अनिवार्य नेपाली व्याकरण, बोध र कृति समीक्षा' नामक पुस्तकमा व्याकरण र सिर्जनात्मक लेखन सिप विकास गराउनका लागि बुँदाटिपोटको परिचय दिइएको छ । बुँदाटिपोटको प्रयोजन, बुँदाटिपोट प्रक्रिया, बुँदाटिपोट गर्न नमुना दिइएको छ । जसले बुँदाटिपोट शिक्षणमा सहजता पुऱ्याउँछ । त्यसैले यो पुस्तक विद्यार्थीहरूको लेखाइ सिप विकास गराउन सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

शर्मा र पौडेल (२०६८) द्वारा लिखित 'नेपाली भाषा र साहित्य शिक्षण' नामक पुस्तकमा नेपाली भाषाका साथै साहित्य शिक्षणका लागि अति नै उपयोगी मानिन्छ । यस पुस्तकमा विभिन्न भाषिक सिपको अध्ययनका लागि चर्चा गर्ने क्रममा लेखनकला शिक्षणमा बुँदाटिपोटको बारेमा चर्चा गरिएको पाइन्छ । जसअन्तर्गत लेखनकला सिप विकासका लागि आवश्यक पर्ने विभिन्न कार्यकलापहरू अन्तर्गत यान्त्रिक लेखन, निर्देशित लेखन, स्वतन्त्र वा सिर्जनात्मक लेखन सिपहरू उल्लेख गरिएको छ । तसर्थ विद्यार्थीहरूमा बुँदाटिपोट क्षमताको विकास गर्नका  लागि यो पुस्तक निकै उपयोगी मानिन्छ ।

### २.१.२ शोधपत्र समीक्षा

सापकोटा (२०६४) द्वारा 'कक्षा नौ र दशका विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन' नामक शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधको उद्देश्य कक्षा नौ र दशमा अध्ययनरत विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, कमीकमजोरी पत्ता लगाई तिनका निराकरणको लागि सुझावहरू दिनु रहेका छन् । उक्त शोधपत्रमा क्षेत्रीय सामग्री विधिअन्तर्गत काठमाडौँ, भक्तपुर र ललितपुर जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका माध्यमिक तहको विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता उच्च रहेको पाइन्छ । विद्यार्थीहरूको सारांश लेखन क्षमता भिन्न भएको निष्कर्ष निकालिएको छ । समग्रमा उक्त अध्ययन उद्देश्यगत व्यापकता, क्षेत्रगत भिन्नता कक्षागत विशिष्टताले गर्दा प्रस्तुत शीर्षक भिन्न र विशिष्ट छ । प्रस्तुत अध्ययनमा विद्यार्थीहरूको लेखाइ सिप मिलेकाले प्रस्तावित शोधपत्रका लागि सामग्री सङ्कलन कार्यमा उपयोगी हुने ठानिएको छ ।

खत्री (२०६६) द्वारा 'उच्च माध्यमिक तह कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको तुलनात्मक अध्ययन' नामक शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रको उद्देश्य उच्च माध्यमिक तह कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, छात्र र छात्रा विद्यार्थीहरूबिचको अनुच्छेदलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्यहरू राखी गरिएको उक्त अध्ययनमा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता समग्र सिपगत आधारमा उच्च स्तरको देखिएको पाइन्छ । यसमा छात्राहरू बढी लगनशील भएको चर्चा गर्दै छात्राहरूको अनुच्छेदलेखन उच्च रहेको पाइन्छ । त्यसैले छात्राका तुलनामा छात्रहरूले लेखन सिपमा बढी अभ्यास गर्नुपर्ने सुझाब सहित निष्कर्ष निकालिएको छ । तसर्थ यस शोधकार्य प्रस्तावित शोधकार्यका लागि सामग्री सङ्कलन कार्यमा उपयोगी देखिन्छ ।

बराल (२०६६) द्वारा तयार पारिएको 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन' नामक शोधपत्रमा पनि प्रस्तुत शोधपत्रसँग लेख्य रूपमा मिल्दो जुल्दो छ । उक्त शोधपत्रमा पहिलो भाषी विद्यार्थीको तुलनामा दोस्रोभाषी विद्यार्थीहरूको पारिवारिक आभाष पाइएको कुरा चर्चा गरिएको छ । उक्त शोधपत्रमा

विद्यार्थीहरूको सिर्जनात्मक र मौलिक क्षमतास्तर मध्यम देखाएको कुरा उल्लेख गरेका छन् । त्यसैगरी संस्थागत विद्यालयका तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरू अनुच्छेद लेखनमा कमजोर रहेको पाइन्छ ।

गौतम (२०६७) द्वारा तयार पारिएको 'कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको सारांशलेखन क्षमताको अध्ययन' नामक शोधपत्र पनि तयार पारिएको छ । उक्त शोधपत्रको उद्देश्य कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको सारांशलेखन क्षमताको पहिचान गर्नु, अङ्ग्रेजी माध्यमबाट पढाइ हुने र नेपाली माध्यमबाट पढाइ हुने उच्च माध्यमिक तहका विद्यार्थीहरूको सारांशलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, लैङ्गिक भिन्नताका आधारमा छात्र र छात्राको साारांशलेखन क्षमताको तुलना गर्नु त्यससँग सम्बन्धित कमीकमजोरीहरूको पहिचान गरी निराकरणका उपायहरू अवलम्बन गर्नु रहेको छ । उक्त शोधपत्र क्षेत्रीय सर्वेक्षण विधि र प्रयोगात्मक विधिको प्रयोग गरिएको छ । यस शोधपत्रमा नेपाली माध्यमबाट पढाइ हुने र उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको तुलनामा अङ्ग्रेजी माध्यमबाट पढाइ हुने उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको सारांश लेखन क्षमता उच्च रहेको पाइन्छ । लैङ्गिकताका आधारमा छात्राको भन्दा छात्रको सारांशलेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ । उक्त अध्ययन प्रस्तुत अध्ययनसँग सम्बन्धित भएकाले यस शोधपत्रको आधारमा बुँदाटिपोट क्षमताको अध्ययन र विश्लेषण प्रक्रियाका लागि सहयोगी बनेको छ ।

ओली (२०६८) द्वारा तयार पारिएको 'रुकुम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमताको अध्ययन' नामक शोधपत्रमा रुकुम जिल्लाका सामुदायिक र संस्थागत गरी जम्मा आठवटा विद्यालयका ८० जना विद्यार्थीहरूको अध्ययन गरिएको छ । उक्त अध्ययनमा विद्यार्थीको प्रकृतिका आधारमा भाषिक पृष्ठभूमिका आधारमा र लैङ्गिक आधारमा अध्ययन गरिएको छ । त्यस अध्ययनमा सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको चिठीलेखन क्षमता २.५ प्रतिशतले बढी भएको देखाएको छ । त्यसैगरी नेपाली इतर मातृभाषीभन्दा नेपाली मातृभाषी विद्यार्थीहरू १३ प्रतिशतले बढी राम्रो भएको देखाइएको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरू लेखन क्षमता अभिवृद्धि गर्न लेख्ने बानीको विकास गर्दै लैजानुपर्ने सुझाब दिइएको छ र छात्रहरूको तुलनामा छात्राहरू चिठी लेखन क्षमतामा केही कमजोर रहेकोले छात्राहरूको कमजोरी पत्ता लगाई निराकरणका लागि विषय शिक्षक र विद्यार्थीले संयुक्त रूपमा उन्नतिका लागि प्रयास गरिएको छ ।

बखेल (२०६८) द्वारा 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिउको छ । उक्त शोधपत्रमा सर्लाही जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन गर्नु, पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरूबिचको निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको पाइन्छ । उक्त अध्ययन सर्लाही जिल्लाका चारवटा विद्यालयबाट २५ जना विद्यार्थीका दरले १०० जना विद्यार्थीहरूलाई नमुना छनोटको रूपमा लिइएको छ । उक्त अध्ययनमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । मध्यमान र मानक विचलनका आधारमा सामुदायिक र संस्थागत विद्यालयका नेपाली भाषी र दोस्रो भाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमता सामान्य र राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

सिग्देल (२०६९) द्वारा तयार पारिएको शोधपत्र 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन' नामक शोधपत्रमा अध्ययन विधिको रूपमा तनहुँ जिल्लाका ६ वटा विद्यालयका ६० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुना छनोट गरी जनसङ्ख्याको रूपमा लिइएको छ । विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताका आधारमा भाषिक पृष्ठभूमि, लैङ्गिक र तिनवटा सामुदायिक र तिनवटा संस्थागत विद्यालयको जम्मा साठी जना विद्यार्थीहरूको अनुच्छेदलेखन सम्बन्धी व्याख्या विश्लेषण र तथ्याङ्कीय विश्लेषणका आधारमा हेर्दा समग्रमा विषयवस्तु संयोजन भाषिक शुद्धता, स्तर अनुरूपता प्रस्तुतीकरण मध्ये खालको देखिएको पाइन्छ । गणितीय तथ्याङ्कको आधारमा हेर्दा ४२, १६ प्रतिशताङ्क विद्यार्थीले प्राप्त गर्नुले उक्त कुरा स्पष्ट भएको छ ।

डाँगी (२०७१) द्वारा 'बर्दिया जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । बर्दिया जिल्ला कक्षा दशमा अध्ययनरत विद्यार्थीको बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन २५ जना विद्यार्थीका दरले चारवटा विद्यालयका १०० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ । त्यस्तै तथ्याङ्कलाई आधार मानी प्रतिशतका आधारमा पाँच श्रेणीमा विभाजन गरेको पाइन्छ । प्रस्तुत शोधपत्रमा सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता कमजोर रहेको र छात्राभन्दा छात्र विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइन्छ । मातृभाषीभन्दा विमातृभाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

ढुङ्गेल (२०७१) द्वारा 'पाँचथर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा पाँचथर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु, पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलना गर्नु, विद्यालयको प्रकृति, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलना गर्नु र कमजोरीका कारण पत्ता लगाई समस्या समाधानका सुझाव दिने उद्देश्य राखिएको छ । उक्त अध्ययन पाँचथर जिल्लाका १० वटा विद्यालयका १०० जना विद्यार्थीहरूको अध्ययनका आधारमा नमुना छनोट गरिएको छ । सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो । लैङ्गिकताका आधारमा छात्राको तुलनामा छात्रहरूको बुँदाटिपोट क्षमता कम रहेको देखिन्छ ।

क्षेत्री (२०७२) द्वारा 'कास्की जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । यस शोधपत्रमा कास्की जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु, विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गर्नु, लैङ्गिकता र भाषिक पृष्ठभूमिका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु र कमीकमजोरीका कारण पत्ता लगाई समाधानका लागि सुझाव दिनु उद्देश्य राखिएको छ । उक्त अध्ययन पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी जम्मा १०० जना विद्यार्थीहरूमा आधारित छ । यस अध्ययन क्षेत्रीय अध्ययन विधिद्वारा तथ्याङ्क सङ्कलन गरिएको छ । यस अध्ययनमा सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो भएको देखाइएको छ भने लैङ्गिकताका आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताभन्दा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको देखिन्छ । भाषिक पृष्ठभूमिका आधारमा दोस्रोभाषी विद्यार्थीहरूको तुलनामा पहिलो भाषी नेपालीहरूको बुँदाटिपोट क्षमता राम्रो भएको निष्कर्ष यस अध्ययनमा निकालिएको छ ।

कोइराला (२०७३) द्वारा 'सिन्धुपाल्चोक जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको समग्र विश्लेषण गर्नु, छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गर्नु, विद्यालयको

पकृतिका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेको छ । उक्त शोधपत्रमा सामुदायिक र संस्थागत विद्यालयका ४० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिएको छ । समग्रमा भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरू बुँदाटिपोट क्षमता राम्रो रहेको पाइन्छ । छात्रहरूको तुलनामा छात्राहरूको बुँदाटिपोट क्षमता राम्रो भएको निष्कर्ष निकालिएको छ । उक्त अध्ययन प्रस्तुत अध्ययनसँग सम्बन्धित भएकाले यस शोधपत्रका आधारमा बुँदाटिपोट क्षमताको अध्ययन विश्लेषण प्रक्रियाका लागि सहयोग गर्न आधार प्रदान गर्दछ ।

यसरी हेर्दा उपर्युक्त पाठ्यपुस्तकका अतिरिक्त शोधपत्रलाई हेर्दा लेखन सिप विकाससँग सम्बन्धित अध्ययन अनुसन्धान जे जति भएका छन्, ती सबै सम्मान गर्न लायक र सहयोग पुग्ने खालका छन् । लेखाइ सिपका विभिन्न कार्यकलापहरूमध्ये बुँदाटिपोट क्षमताको अध्ययन न्यून रहेको छ । त्यसैले रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन शीर्षकमा शोधकार्य गर्नु आवश्यक र सान्दर्भिक हुने ठानिएको छ ।

### २.१.३ पूर्व अध्ययनको महत्त्व

जुनसुकै कार्यलाई सफल र प्रभावकारी रूपमा अगाडि बढाउन त्यससँग सम्बन्धित पूर्वकार्यहरूको अध्ययनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । तसर्थ शोधकार्यलाई चुस्त र दुरुस्त रूपमा अगाडि बढाउन सम्बन्धित पूर्वकार्यको अध्ययन गर्न आवश्यक हुन्छ । पूर्व अध्ययनले नयाँ कार्यलाई सही दिसामा डोऱ्याउन सहयोग गर्दछ । त्यस अध्ययनले यस पूर्व अध्ययन भएका सम्पूर्ण अनुसन्धानको जानकारी दिनुका साथै यससँग सम्बन्धित विषयमा के कति अनुसन्धान भएका छन् वा हुन बाँकी छन् भन्ने कुराको शोधखोज गर्दछ । पूर्वकार्यको समीक्षाले अनुसन्धानलाई बलियो बनाउन मद्दत गर्दछ । अनुसन्धानकर्ताले कुनै पनि विषयमा अनुसन्धान गर्नुभन्दा पहिले सम्बन्धित विषयमा लेखिएका ग्रन्थ, शोधपत्र, पाठ्यपुस्तक, पत्रपत्रिका, श्रव्यदृश्य सामग्री, सन्दर्भ सामग्री पढेर अध्ययन अनुसन्धान गरेर त्यसबारे समीक्षा गर्नु नै पूर्वकार्यको अध्ययन हो । यस अध्ययनबाट आफूले गर्न लागेको अध्ययनसँग सम्बन्धित अध्ययन अनुसन्धान भए नभएको जानकारी प्राप्त गरी आफ्ना अनुसन्धानलाई उद्देश्यमूलक र प्रभावकारी बनाउन सहयोग गर्दछ । पूर्व अध्ययनबाट अध्ययनीय विषयको

पुनरावृत्ति नहुने र शोधार्थी अनावश्यक कार्यमा अल्मलिन नपर्ने र आफूले अनुसन्धान गर्न लागेको विषयबारे जानकारी प्राप्त हुने गर्दछ ।

पूर्वकार्यको अध्ययनले अनुसन्धानलाई सही दिशाबोध गराउनुका साथै उद्देश्यमूलक, स्पष्ट र प्रभावकारी बनाउन सहयोग गर्दछ । तसर्थ पूर्वकार्यको महत्त्व निम्नलिखित बुँदाहरूद्वारा स्पष्ट पार्न सकिन्छ :

१. पूर्वकार्यको अध्ययनको समीक्षाले समस्यालाई राम्ररी बुझ्न, विश्लेषण गर्न र शीर्षक चयन गर्न सहयोग गर्दछ ,

२. यो प्राक्कल्पना निर्माण गर्नु अनुसन्धानका उद्देश्यहरू निर्धारण गर्न र अनुसन्धान पद्धति निर्क्योल गर्न उपयोगी हुन्छ,

३. अनुसन्धानलाई उपलब्धिमूलक बनाउनु नयाँ सिद्धान्तको खोजी गर्न उपयोगी हुन्छ,

४. सम्बन्धित विषयमा गहिरो ज्ञान पाउन उपयोगी हुन्छ,

५. सम्बन्धित विषयलाई विश्वसनीय र बैध र प्रभावकारी बनाउन उपयोगी हुन्छ,

६. अनुसन्धानको ढाँचा निर्धारण गर्नु उपयुक्त र अनुकूल उपकरणको छनोट गर्न उपयोगी हुन्छ,

७. पहिले भएको अध्ययनको विश्लेषण गर्न र भविष्यमा गर्न सकिने सम्भावित अनुसन्धानका क्षेत्रहरू पत्ता लगाउन यसको महत्त्व रहेको हुन्छ ।

## २.२ बुँदाटिपोटको सैद्धान्तिक परिचय

भाषालाई विचार विनियमको सशक्त माध्यमका रूपमा लिइन्छ । भाषाविना मानव समाज अधुरो र अपुरो हुन्छ । त्यसैले मानव समाजमा भाषाको महत्त्वपूर्ण भूमिका हुन्छ । मानिसले सामाजिक जीवनका यावत व्यवहारहरूमा भाषाको प्रयोग गरेका हुन्छन् । समाजका मानिसहरू भाषाकै माध्यमबाट एक आपसमा आफ्ना मनका भावनाहरू साटासाट गर्दछन् । त्यसैले भाषा सामाजिक वस्तु पनि हो । कुनै पनि व्यक्तिले घर, परिवार तथा समाजबाट भाषाआर्जन गर्दछ । मानिसले भाषाको माध्यमबाट नै आफ्ना मनका इच्छा चहाना धारणा सामाजिक मूल्य मान्यताहरू प्रकट गर्दछ । व्यक्तिको पहिचान उन्नति प्रगतिका लागि भाषा र भाषिक व्यवहार जिम्मेवार हुन्छ । त्यसैले भाषालाई विकसित रूपमा

अगाडि बढाउनका लागि भाषिक सिपको आवश्यकता पर्दछ । भाषिक सिपअन्तर्गत सुनाइ बोलाइ, पढाइ र लेखाइ पर्दछन् । भाषाका विभिन्न सिपहरूमध्ये लेखाइ सिप महत्त्वपूर्ण मानिन्छ । भाषिक सिपका विभिन्न क्रियाकलापहरूमध्ये लेखाइ सिप विकासका लागि बुँदाटिपोट पनि एक हो ।

कुनै पनि विषयलाई बुँदागत रूपमा लेख्नु नै बुँदाटिपोट हो । बुँदाटिपोटमा क्रमबद्धता सिलसिलबद्ध, स्पष्ट, सङ्क्षिप्तता, अर्थपूर्ण र प्रभावकारी हुनुपर्दछ । बुँदाटिपोट लेखनकलासँग सम्बन्धित सिप हो । बुँदाटिपोटमा धेरै कुरालाई थोरै र थोरै कुरालाई धेरै बनाउन सकिन्छ । व्यक्तिले पढेका, सुनेका, देखेका वा भोगेका कुरालाई सुत्रबद्ध रूपमा टिपोट गर्नुलाई बुँदाटिपोट भनिन्छ । कुनै पनि लामा लामा पाठ अंश वा भनाईहरू लामो समयसम्म स्मरण गरिरहन सकिँदैन त्यसैले कुनै पनि लिखित वा मौखित अभिव्यक्तिका सबै कुरा महत्त्वपूर्ण हुदैनन् लामो लेख वा भनाइबाट व्यक्तिलाई आवश्यक पर्ने महत्त्वपूर्ण कुरा मात्र स्मरणका लागि टिपोट गर्नु नै बुँदाटिपोट हो (गौतम र अन्य, २०७० : ३०) । कुनै पनि विषयमा केन्द्रित भई त्यसबाट आफूलाई मुख्य लागेका कुराहरू टिपोट गर्नु नै बुँदाटिपोट हो । यो विद्यार्थीको ज्ञान सिपसँग सम्बन्धित रहने भएकाले विद्यार्थीहरू जति माथिल्लो तहमा गयो त्यति नै  यसको महत्त्व बढ्दै जान्छ ।

बुँदा भनेको कथन वा उदाहरणमा भएका मुख्य मुख्य भाव वा विचार हुन भने टिपोट भनेको लेख्ने काम हो । तसर्थ बुँदाटिपोट भनेको पनि पढेका, सुनेका वा सोचेको विषयवस्तुका मुख्य मुख्य भाव वा विचार पहिचान गरी तिनलाई बुँदाका रूपमा लेख्ने काम हो । बुँदाटिपोट अभिव्यक्तिका स्तरमा आउने कुनै पनि विषय वा कुराको क्रमबद्ध निचोड हो । अध्ययन तथा अभिव्यक्तिका क्रममा पढेका सुनेका वा सोचेका विषयमा मूलभूत बुँदाहरू चिनी तिनलाई स्मृतिमा दीर्घकालसम्म राख्नका निम्ति छोटो छरिटो किसिमले टिप्नु आवश्यक हुन्छ । यसरी सामान्यतया कुनै पनि सोचाइ, अनुभव विषय वा सङ्कथनलाई बोधात्मक एकाइको रूपमा परिणत गर्ने नाम नै बुँदाटिपोट हो (आचार्य, २०५८ :७) । आफुले अनुभव गरेका कुरालाई दीर्घकालसम्म स्मृतिमा राख्न वा सुरक्षित राख्न बुँदाटिपोट गरिन्छ । बुँदाटिपोट विद्यार्थीहरूको लेखाइ सिप विकास गराउने महत्त्वपूर्ण कलात्मक सिप हो । कुनै पनि विषयवस्तुको मुख्य मुख्य भाव वा विचारलाई छोटकरीमा टिपोट गर्नु नै बुँदाटिपोट हो ।

भाषा शिक्षणका चारवटा सिपहरूमध्ये लेखाई सिप पनि एक हो । लेखाइ सिपको विकासको विद्यार्थीहरूलाई कुनै पनि कुराको टिपोट गर्ने बानीको विकास गर्नका साथै कुनै पनि विषयवस्तु पढेर त्यसको मूल आशय पहिल्याउन सकिने क्षमताको विकास गराउँदछ । अनुच्छेदमा मूल कुराका साथै गौण कुराहरू पनि हुन सक्दछन् । अनुच्छेदलाई राम्ररी पढेर बुझेको खण्डमा मूल कुरा र गौण कुरा छुट्याउन सकिन्छ । बुँदाटिपोटमा गौण कुरालाई राखिन्छ । गौण कुरालाई छाडेर मूल कुरालाई निर्धारित सङ्ख्याभन्दा बढी भएमा तीमध्ये कम महत्त्वपूर्णलाई छाडेर तोकिएको सङ्ख्यामा उत्तरका रूपमा लेख्नु पर्छ (शर्मा, २०५७ : २६७) । गौण कुरालाई छाडेर मुख्य मुख्य कुरालाई मात्र टिपोट गर्नु नै बुँदाटिपोट हो । बुँदाटिपोट गर्दा दिइएको अनुच्छेदको मूलभाव र आशय नबदलिने गरी बुँदाटिपोट गर्नुपर्दछ ।

मुख्य कुरालाई नछुटाइकन बुँदागत रूपमा लेख्नु वा अभिव्यक्ति गर्नु बुँदाटिपोट हो । यसले विशेष सूचना भएको पाठको महत्त्वपूर्ण अंशलाई बुझाउँदछ । पाठमा रहेका सार पूर्व बुँदाहरूलाई टिपोट गर्नु नै बुँदाटिपोट हो । बुँदाटिपोटबाट बुझ्नलाई मद्दत पुग्नुका साथै मूल कुरा ठम्याएर सिलसिलेवार रूपमा त्यसलाई सङ्क्षेपीकरण गर्न सकिन्छ । या विस्तृत अभिव्यक्तिलाई सम्झनाका लागि सार खिच्ने भाषिक सिप हो (बराल र एटम, २०६६ : १९५) । कुनै पनि पाठमा रहेका सारपूर्ण कुरालाई ठम्याएर छोटकरीमा टिपोट गर्नुलाई बुँदाटिपोट मानिन्छ । बुँदाटिपोट लेखनले विद्यार्थीहरूलाई धेरै कुरालाई थोरै र थोरै कुरालाई धेरै बनाउन सक्ने क्षमताको विकास गराउनुका साथै विद्यार्थीहरूको लेखाइलाई स्पष्ट, शुद्ध, क्रमबद्ध, र प्रभावकारी बनाउन सहयोग गर्दछ ।

### २.२.१ बुँदाटिपोटको परिभाषा

कुनै पनि कुरालाई बुँदागत रूपमा टिपोट गर्नु नै बुँदाटिपोट हो । आफूले देखेका सुनेका पढेका वा अनुभव गरेका सम्पूर्ण कुरालाई दीर्घकालसम्म सम्झिन कठिन हुन्छ । त्यसैले ति कुराहरूलाई पछिसम्म सम्झनाका लागि त्यस विषयका महत्त्वपूर्ण कुरालाई छोटकरीमा क्रम मिलाएर स्पष्ट रूपमा टिपोट गर्नु पर्दछ । जसले आफूले अध्ययन गरेका विषयवस्तु सम्झन सहयोग पर्दछ । बुँदाटिपोटको माध्यमबाट विद्यार्थीहरूको स्मरण क्षमताको वृद्धि हुनुका साथै विषयवस्तुलाई राम्रोसँग बुझेर क्रमबद्ध, स्पष्ट, सिलसिलाबद्ध र

सङ्क्षेपीकरण गर्न सिपको विकास हुन्छ । बुँदाटिपोटका सम्बन्धमा विभिन्न विद्वान्हरूको दिएका परिभाषाहरू निम्नानुसार छन् :

कुनै पनि कथन वा लिखित मुख्य मुख्य कुरा पहिल्याएर सङ्ख्यात्मक रूपमा लेख्नु नै बुँदाटिपोट हो (ज्ञवाली, ज्ञवाली, २०६५: १५१) ।

पठिन वा मृत अभिव्यक्ति वा सङ्कथन र सोचाइ वा अनुभवका सारभूत कुराहरू बुझी तिनलाई बोधात्मक एकाइहरूमा परिणत गरेर लेख्नु नै बुँदाटिपोट हो (पौडेल, २०७० : ९९) ।

कुनै पाठमा वा अनुच्छेदमा उल्लेख भएका मुख्य मुख्य कुराहरू ठम्याई तिनलाई बुँदागत रूपमा टिप्ने भन्ने काम बुझिन्छ (भण्डारी र अन्य, २०६५: १६२) ।

दिइएको पाठ (प्राय अनुच्छेद) लाई बुझेर त्यसमा निहित तोकिएका (प्रायः चारपाँचवटा मूलमूल कुराहरू ठम्याएर टिप्नु बुँदाटिपोट हो (शर्मा, २०५७ : २६६) ।

पढेका, सुनेका वा कसैले भनेका कुराको मुख्य भावतत्त्व किटान गरी तिनमा रहेका सारपूर्ण कुराहरूलाई छोटकरीमा बुँदागत रूपमा टिप्नुलाई बुँदाटिपोट मानिन्छ (लम्साल र अन्य, २०६५ : १२७) ।

यसरी बुँदाटिपोटका सम्बन्धमा विभिन्न विद्वान्हरूले विभिन्न प्रकारका दृष्टिकोणहरू प्रस्तुत गरेको पाइन्छ । ती उल्लेखित बुँदाहरूका आधारमा बुँदाटिपोट भन्नाले कुनै पनि विषयवस्तुको सारपूर्ण लेखन वा दिइएको अनुच्छेदमा रहेका कुराहरूमध्ये आफूलाई मुख्य लागेका कुराहरूको टिपोट भन्ने बुझिन्छ । कुनै पनि विषयवस्तुको भावतत्त्वलाई छोटकरीमा बुँदागत रूपमा टिप्नु बुँदाटिपोट हो । देखेका सुनेका पढेका वा अनुभव गरेका कुराहरूको भावतत्त्व नबदलिने गरी छोटकरीमा टिप्नु भन्ने बुझिन्छ । बुँदाटिपोटमा मुख्य कुरा वा सार कुरा छुट्नु हुँदैन । सङ्कथनका सूचनाहरू समावेश हुनुपर्छ । अभिव्यक्तिलाई ध्यानपूर्णक पटक पटक पढ्नु पर्छ, सङ्केत गरिएका बुँदालाई एक एक गरी क्रम मिलाएर टिप्नु पर्छ । बुँदाटिपोटमा धेरैमा थोरै र थोरैमा धेरै कुरा समेटन सक्नु पर्दछ ।

बुँदाटिपोट लेखन सिप विकासको महत्त्वपूर्ण कला हो । यसबाट शब्दलाई मितव्ययी किसिमले प्रयोग गर्न सिपको विकास हुन्छ । बुँदाटिपोटको विकासले लेखन सिपलाई

स्तरीयता, मौलिकता र क्रमबद्धताको विकास गराउँनुका साथै लिखित वा मौखिक अभिव्यक्तिको सार सङ्क्षेप खिच्ने बानीको विकास हुन्छ । त्यसैले लेखनकला सिपको विकास गर्न बुँदाटिपोटको महत्त्वपूर्ण भूमिका हुन्छ ।

## २.३ बुँदाटिपोट क्षमताको प्रयोजन

कुनै पनि विषयलाई छोटो र प्रभावकारी रूपमा टिपोट गरी त्यसलाई दीर्घकालसम्म बचाइ राख्न बुँदाटिपोट गरिन्छ । कुनै पनि रचनामा मूल र गौण बुँदाहरू रहेका हुन्छन् । जसबाट मूलभूत बुँदाहरू छुट्याएर बुँदाहरू टिपोट गर्नु मुख्य प्रक्रिया भनिन्छ । कुनै पनि पाठको वा अनुच्छेदको अंशभित्र देखेका पढेका र सोचेका विषयवस्तुहरूका मुख्य मुख्य बुँदाहरू मुख्य मुख्य अंश रेखाङ्कित गरेर खेस्रा गरेर साफी गरेर त्यस भावनात्मक कुरालाई वा ठोस वस्तुलाई ठम्याई दिने बानीको अभ्यास गर्न गर्दछ । त्यसैले विषयवस्तुहरूमा देखेको, पढेका र सोचेका कुरालाई टिप्न गाह्रो हुने भएकाले मुख्य मुख्य कुरा टिपेपछि सम्पुर्ण विषयवस्तुको ठोस कुरालाई मात्र टिपेपछि त्यसपाठको वा अनुच्छेदका कुराको निचोड निकाल्न सकिन्छ (क्षेत्री, २०७२: १५) । लिखित र मौखिक अभिव्यक्तिको सारसङ्क्षेप खिच्ने वा टिपोट गर्न बानीको विकास बुँदाटिपोटका माध्यमबाट हुने गर्दछ । विद्यार्थीहरूको लेखनकला सिप विकास गर्नका लागि बुँदाटिपोट नभइ नहुने महत्त्वपूर्ण कलात्मक सिप हो । यसले विद्यार्थीहरूलाई कुनै पनि कुरा लामो समयसम्म सम्झी राख्न सहयोग पुऱ्याउँदछ । लेखाइ अभिव्यक्तिको प्रभावकारी माध्यम भएकाले बुँदाटिपोटले विद्यार्थीहरूको स्मरण क्षमताको विकास गर्नुका साथै विषयवस्तुलाई सङ्क्षेपीकरण गर्न, विश्लेषण गर्न वस्तुगत कुरा लेख्ने र बोल्ने वा बोध र अभिव्यक्ति क्षमताको समेत विकास गराउँदछ ।

बुँदाटिपोट क्षमता निम्नलिखित प्रयोजनका लागि गर्न सकिन्छ :

क) कुनै पनि पाठ वा विषयवस्तुभित्र रहेका मुख्य- मुख्य कुराहरू सम्झन,

ख) लेखन कला सिप र पठनबोध क्षमताको विकास गर्नु

ग) आफूले अनुभव गरेका, सुनेका र पढेका कुराहरू सुरक्षित राख्न,

घ) लामा लामा लेख वा व्यक्तिको भनाईबाट आफूलाई आवश्यक पर्ने कुरा मात्र टिपोट गर्नु,

ङ) लेख्ने गतिभन्दा बोल्ने गति तिब्र हुने हुँदा वक्ताले बोलेका सबै कुरा टिप्न असहज हुने भएकाले मुख्य कुरा मात्र टिपेर पछि सबै कुरा सम्झन,

च)	आफूले पढेका, सुनेका, देखेका वा अनुभव गरेका कुराबाट मुख्य मुख्य कुराहरू टिपोट गरी खास निचोड निकाल्न,

छ)	लेखाइलाई क्रमबद्धता, अर्थ स्पष्टता, शुद्धता, व्यवस्थित, प्रभावकारी र ठोस बनाउन,

ज)	आफुले कुनै लेख, रचना पुस्तक आदि लेखनका लागि पूर्व यो जना बनाउन,

## २.४ बुँदाटिपोट गर्दा ध्यान दिनुपर्ने कुराहरू

कुनै पनि विषयवस्तुलाई छोटो र स्पष्ट रूपले अर्थ बुझिने गरी टिप्नु नै बुँदाटिपोट हो । जसमा शब्दहरूको विचबाट सारभूत वा मुख्य कुराहरूको पहिचान गरी टिप्ने काम गरिन्छ । मान्छेले आफूले पढेका वा अनुभव गरेका सबै कुरालाई आफ्नो स्मृतिमा राख्न नसक्ने भएकाले त्यस्ता कुराहरूको पहिचान गरी आफूलाई मुख्य लाग्ने कुराहरू बुँदागत रूपमा टिप्नु आवश्यक हुन्छ । बुँदाटिपोट गर्दा ध्यान दिनुपर्ने कुराहरू निम्नानुसार छन् :

१.	दिइएको अनुच्छेदलाई राम्ररी नबुझेसम्म दुई तिन पटकसम्म पढ्ने,

२.	मुख्य मुख्य लागेका कुरा ठम्याएर तिनलाई रेखाङ्कन गर्दै जाने,

३.	रेखाङ्कित शब्द, वाक्यका आधारमा सङ्क्षिप्त आकारको खेस्रा बुँदा बनाउने,

४.	महत्त्वपूर्ण बुँदाहरूलाई सङ्ख्यात्मक रूपमा टिप्नु पर्ने जुन वाक्यांशका रूपमा पनि रहन सक्ने,

५.	टिपिएका बुँदाहरूलाई आवश्यकताअनुसार संशोधन र परिमार्जन गर्नुपर्ने,

६.	निश्चित सङ्ख्यामा बुँदाहरूलाई साफी लेखन गर्न,

७.	यसरी बुँदाटिपोट गर्दा त्यसमा व्यक्त भएका भाव वा विचार छुट्नु हुँदैन,

८.	खेस्रा टिपोटमा मुख्य वाक्य यस साफी लेखन गर्दा वाक्य गठनमा मौलिकता हुनुपर्ने,

९.	बुँदाहरू अपूर्ण वाक्यांशकै रूपमा राख्नु पर्ने,

१०.	बुँदाटिपोट गर्दा क्रम मिलाएर सावधानीपूर्वक गर्नुपर्ने,

११.	बुँदाटिपोट गरिसकेपछि आवश्यक भएमा उचित शीर्षक दिनुपर्ने,

१२.	बुँदामा व्याकरण, वर्णविन्यास विराम चिह्न आदि पद हेरी त्रुटिहरू सच्याएर परिमार्जन गरी अन्तिम साफी गर्नु पर्ने हुन्छ ।

## २.५ बुँदाटिपोटका विशेषताहरू

भाषा शिक्षणका विभिन्न कार्यकलापहरूमध्ये लेखाइ सिप पनि एक हो । लेखाइ सिप विकास गराउने महत्त्वपूर्ण कार्यकलापका रूपमा बुँदाटिपोटलाई लिइन्छ । बुँदाटिपोटमा क्रमबद्धता स्पष्टता सङ्क्षिप्तता पूर्णता र मौलिकताको प्रयोग भएको हुनुपर्छ । बुँदाटिपोट गराउँदा विद्यार्थीहरूमा लेखन सिपको विकासका साथै सिर्जनशीलता मौलिकता व्याकरणात्मक तथा वर्णविन्यास सिप, त्रुटि निराकरण क्षमताको विकास गराउन सकिन्छ । विद्यार्थीहरूमा कुनै लिखित र मौखिक अभिव्यक्ति वा पाठको मूलभूत कुराहरूलाई ठम्याएर ठिक ठिक ढङ्गबाट टिपोट गर्न र कृति वा रचनामा भएका मुख्य कुराहरू पहिचान गर्न सक्ने र कुनै पनि विषयमा दिइएका लामा लामा लेखबाट छोटा रूपमा टिपोट गर्न सक्ने क्षमताको विकास गर्न बुँदाटिपोट शिक्षणले महत्त्वपूर्ण भूमिका खेल्दछ ।

लेखाइ सिपलाई प्रभावकारी रूपमा विकास गर्न बुँदाटिपोटको मुख्य विशेषता हो । त्यसैले बुँदाटिपोटलाई लेखन कलाको महत्त्वपूर्ण पाटोको रूपमा लिइन्छ । मौखिक कुरालाई टिपोट गरेर सुरक्षित राख्न लिखित कुरालाई छोटो र स्पष्ट रूपमा प्रस्तुत गर्न बुँदाटिपोटको प्रयोग गरिन्छ । विद्यार्थीहरूमा बुँदाटिपोट सम्बन्धी सिप परीक्षण गर्नका निम्ति ज्ञान, विज्ञान, प्रविधि, सञ्चार, संस्कृति, साहित्यिक आदि जस्ता विभिन्न क्षेत्रका लिखित सामग्री दिई त्यसैबाट बुँदाटिपोट गरिन्छ । आफूले पढेका, सुनेका, देखेका वा अनुभव गरेका सबै कुरालाई लेख्न र ती कुरालाई दीर्घकालसम्म सुरक्षित राख्न बुँदाटिपोटले सहज बनाउने कार्य यसको प्रमुख विशेषता भनिन्छ । बुँदाटिपोट गर्दा समासशैलीको प्रयोग गरी सोझो अर्थ प्रदान गर्नका साथै एकल शब्दको प्रयोग आवश्यक देखिन्छ । बुँदाटिपोट क्षमताको परीक्षणले विद्यार्थीहरूलाई कुनै पनि निर्धारित अनुच्छेदबाट मुख्य कुराहरू ठम्याएर क्रमबद्ध रूपमा छोटो र छरितो रूपमा टिपोट गर्न क्षमताको विकास गर्दछ ।

बुँदाटिपोट पाठ वा अनुच्छेदका महत्त्वपूर्ण कुरालाई छोटो र स्पष्ट अर्थ दिने गरी प्रभावकारी रूपमा व्यवस्थित गरी दीर्घकालसम्म बचाइ राख्न बुँदाटिपोट गरिन्छ । बुँदाटिपोटले विद्यार्थीहरूलाई कुनै पाठ वा अनुच्छेदमा दिइएका कुराहरूको भाव नबदलिने गरी मुख्य मुख्य कुराहरू पहिचान गरी टिपोट गर्न सक्ने क्षमताको विकास गराउँदछ । बुँदाटिपोटको निरन्तर अभ्यासले विद्यार्थीहरूको लेखन सिपमा स्तरीयता, शुद्धता, मौलिकता र सिर्जनशीलताको विकास गराउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । विद्यार्थीहरूको शिक्षण सिकाइलाई सहजीकरण गर्ने भएकाले बुँदाटिपोटका विशेषताहरू औंल्याउन जरुरी हुन्छ ।

## २.६ बुँदाटिपोट र लेखन सिपको सम्बन्ध

भाषा शिक्षणका चारवटा सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये लेखाइ सिपलाई महत्त्वपूर्ण सिपका रूपमा लिइन्छ । भाषालाई जीवन्त र चिरस्थायी बनाउन लेखन सिपको आवश्यकता पर्दछ । लेखाइले विद्यार्थीहरूलाई शुद्ध स्तरीय लेखन सिपको विकास गराउँदछ । लेखन सिपको विकास गराउने विभिन्न कार्यकलापहरूमध्ये बुँदाटिपोट पनि एक महत्त्वपूर्ण पक्षका रूपमा रहन्छ । बुँदाटिपोटले विद्यार्थीहरूलाई आफूले पढेका, सुनेका, देखेका वा अनुभव गरेका कुराहरूलाई दीर्घकालसम्म जीवन्त तुल्याउन वा सुरक्षित राख्न मद्दत गर्दछ आफ्ना अनुभव, भावना वा ज्ञान प्राप्त गरेका कुरालाई स्पष्ट र सिलसिलाबद्ध र प्रभावकारी रूपमा प्रस्तुत गर्ने माध्यम लेखाइ हो । बुँदाटिपोटका माध्यमबाट विद्यार्थीमा लेखनकलाको विकास गराउनका साथै सिर्जनात्मक मौलिक व्याकरणात्मक र वर्णविन्यासगत त्रुटि निराकरण गर्न क्षमताको विकास गराउँदछ ।

आफुले देखे, सुनेका, पढेका अनुभव गरेका कुरालाई सिलसिलाबद्ध रूपमा प्रस्तुत गर्ने कार्य लेखाइबाट मात्र सम्भव हुन्छ । व्यक्तिले लिपिबद्ध रूपलाई अरूसमक्ष व्यक्त गर्ने माध्यम लेखाई हो । लेखाइका माध्यमबाट व्यक्तिले आफूभन्दा टाढा रहेका व्यक्तिहरू समक्ष आफ्ना भावना पुऱ्याउन कुनै प्रसङ्ग वा विचारमा आएका कुरा दीर्घकालसम्म सञ्चित गरेर राख्न दैनिक व्यावहारिक कार्य सम्पन्न गर्न सिर्जनात्मक क्षमताको विकास गर्न, लेखाइ सिपको आवश्यकता पर्दछ । व्यक्तिले आफूले अनुभव गरेका कुरा र ज्ञान बोध गरेका कुरालाई विचार विनिमय गर्न नसक्ने स्थितिमा लेखाइ सिपको सहायता लिइन्छ (शर्मा र पौडयाल, २०६० : १२२) । लेखाइको माध्यमबाट टाढा टाढासम्म रहेका व्यक्ति समक्ष आफ्ना भावना पुऱ्याउनुका साथै सिर्जनात्मक लेखन क्षमताको विकास हुन्छ । लेखाइबाट नै गरिने अभिव्यक्ति स्थायी हुन्छ र युगौँयुगसम्म चिरस्थायी हुन्छ । लेखाइ अनुभव भावना र ज्ञानको अभिव्यक्ति गर्ने माध्यम मात्र नभई ती अनुभव ज्ञानको प्रचार प्रसार एवम् संहार गर्ने माध्यम पनि भनिन्छ ।

व्यक्तिका अन्तरमनका भावनालाई ध्वन्यात्मक सङ्केतका माध्यमबाट अभिव्यक्ति गर्दा मौखिक भाषा हुन्छ भने भाषा ध्वन्यात्मक सङ्केतहरूलाई लिपिको उपयोग गरेर अभिव्यक्ति गर्दा लिखित भाषा हुन्छ । बोलेर विचारविनियम गर्न नसकिने अवस्थामा लेखनको सहायताले विचार आदन प्रदान गरिन्छ । मौखिक भाषाभन्दा लिखित भाषा स्थायी हुन्छ । त्यसैले कुनै पनि कुरालाई दीर्घकालसम्म सुरक्षित राख्न लिखित भाषाको प्रयोग गरिन्छ ।

लेखाइलाई व्यवसायिक र अर्धव्यसायिक गरी दुई ढङ्गले हेरिन्छ । लेखाइ विभिन्न प्रयोजनका लागि आवश्यक हुन्छ जस्तै व्यक्तिगत आवश्यकता पूर्ति गर्न साहित्य सिर्जना गर्न, आफ्ना विचार वा भावनाहरू आदानप्रदान गर्न विभिन्न कार्यालयीय प्रयोजनका आवश्यकता परिपूर्ति गर्न, अभिव्यक्तिमा स्तरीयता ल्याउन लिखित अभिव्यक्ति महत्त्वपूर्ण मानिन्छ । त्यसैले लेखाइ सिप र बुँदाटिपोट एक आपसमा अन्तरसम्बन्धित हुन्छ । कुनै पनि विषयवस्तुको अध्ययन गरी खारिएका विचारको संरक्षण र प्रचारप्रचारको लागि पनि लिखित अभिव्यक्ति महत्त्वपूर्ण मानिन्छ । बौद्धिकताको विकास गर्न विभिन्न भाषा भाषी, सामाजिक सांस्कृतिक, मूल्यमान्यता, रीतिरिवाज आदि पक्षका ज्ञान तथा अनुभवहरू अरूसमक्ष प्रस्तुत गर्न र अरूबाट प्रस्तुत गरेका ज्ञान सिप वा विवरणहरू आफूले ग्रहण गरी फाइदा लिन लेखनकला सिप उपयोगी मानिन्छ ।

बुँदाटिपोटका माध्यमबाट विद्यार्थीहरूमा स्मरण क्षमताको विकास गराउन विषयवस्तुलाई बुझ्न, सङ्क्षेपीकरण गर्न, विश्लेषण गर्न, लेखाइलाई, शुद्ध, स्पष्ट, क्रमबद्ध, व्यवस्थित र प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ ।

लेखाइ सिप विकासका लागि यान्त्रिक, निर्देशित स्वतन्त्र वा सिर्जनात्मक कार्यकलापहरू लेखाइ सिप विकास गर्न विभिन्न कार्यकलापहरूमध्ये यान्त्रिक लेखन, निर्देशित लेखन, स्वतन्त्र वा सिर्जनात्मक लेखन जस्ता कार्यकलापहरू हस्तलेखन अनुलेखन, श्रुतिलेखन, श्रुतिरचना, वस्तु तथा चित्र वर्णन, अनुभव घटना तथा यात्रा वर्णन, चिठी पत्र वा निवेदन लेखन हुन् भने उत्तरवर्ती कार्यकलापहरूमा बुँदाटिपोट, सङ्क्षेपीकरण विस्तृतीकरण अनुच्छेद लेखन टिप्पणी लेखन निबन्धलेखन प्रतिवेदन लेखन समीक्षा लेखन रहेका छन् । बुँदाटिपोट लेखाइ सिप विकासको मुख्य कार्यकलापअन्तर्गत पर्दछ । त्यसैले लेखाइ सिप र बुँदाटिपोट अन्तर्सम्बन्धित हुन्छन् ।

# अध्ययनको विधि र प्रक्रिया

कुनै पनि अनुसन्धानलाई व्यवस्थित, उद्देश्यमूलक र निष्कर्षमा पुऱ्याउँनका लागि अपनाइने नमुना छनोट तथ्याङ्कन सङ्कलन र तथ्याङ्कको विश्लेषण गर्न प्रक्रियाको समष्टिगत खाकालाई अनुसन्धन पद्धति वा विधि भनिन्छ । कुनै पनि अनुसन्धानकर्ताले अनुसन्धानको वास्तविक मूल्याङ्कन शोध विधिबाट नै गरिन्छ । शोध विधि अनुसन्धान कार्यलाई अगाडि बढाउने उपयुक्त मार्ग हो (भट्टराई, २०६८) । अनुसन्धानलाई छिटो र छरितो उद्देश्यमूलक, उपलब्धिमूलक तरिकाले सम्पन्न गर्नका लागि अनुसन्धानमा अध्ययन विधिको आवश्यकता पर्दछ ।

शोधकार्यको सुरुदेखि अन्तसम्म गरिने कार्य र ती कार्यका लागि आवश्यक विधिहरूको उल्लेख शोध विधिमा नै गरिने हुँदा जुनसुकै लेखन सृजनाका लागि पनि आ-आफ्नै ढाँचा एवम् संरचना रहेको हुन्छ । निश्चित यो जना विना अध्ययन अनुसन्धानको कार्य पूर्ण हुन सक्दैन । त्यसैले अध्ययन अनुसन्धानका लागि सिप क्षमताको अध्ययन ढाँचा र संरचना हुनुपर्दछ । तसर्थ प्रस्तुत बुँदाटिपोट क्षमताको अध्ययन शीर्षक सम्बन्धित क्षेत्रमा पुगेर क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूमध्ये जनसङ्ख्या प्रतिनिधि नमुना छनोट गरी जम्मा दसवटा विद्यालयका १०० जना विद्यार्थीहरूमा यो अध्ययन सीमित रहेको छ । विद्यार्थीहरूसँगको प्रत्यक्ष सहभागितामा बुँदाटिपोट कार्य गराई उक्त कार्यबाट आएको परिमाणलाई तुलनात्मक रूपमा छलफल गरी व्याख्या गरेर स्तर पहिचान गरिएको छ । विद्यालयका शिक्षक तथा विषय विशेषज्ञको सल्लाह सुझाब मनन गरी विधि र प्रक्रिया प्रयोग गरिएको छ ।

## ३.१ अध्ययन प्रक्रिया

प्रस्तुत शीर्षकको अध्ययनका लागि निम्नानुसारको प्रक्रिया अपनाइएको छ :

## ३.२ जनसङ्ख्या

प्रस्तुत अध्ययन अनुसन्धान (२०७३) सालका कक्षा नौमा अध्ययनरत रुकुम जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी जम्मा १० वटा विद्यालयका १०/१० जना विद्यार्थीहरूका दरले जम्मा १०० जना विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

## ३.३ सामग्री निर्माण

अनुसन्धानलाई विश्वसनीय वैध प्रामाणिक बनाउनका लागि अनुसन्धानको ढाँचा अनुरूप सामग्री निर्माण गर्नुपर्ने हुन्छ । सामग्री प्राथमिक र द्वितीय स्रोत गरी दुई किसिमका हुन्छन् । यो अनुसन्धान विद्यार्थीहरूको लेखन सिपसँग सम्बन्धित भएकाले लेखन सिप परीक्षण गरी तथ्य सङ्कलन गर्नुपर्ने र सोही अनुरूपका सामग्री सङ्कलन गरिएको छ । सामग्री सङ्कलन गर्न क्रममा छनोटमा परेका सामुदायिक पाँच र संस्थागत पाँच गरी जम्मा दसवटा विद्यालयका १०/१० जना विद्यार्थीहरूलाई बुँदाटिपोट परीक्षण गरिएको छ । प्रस्तुत सामग्री निर्माण गर्दा अध्ययनको उद्देश्य परिपूर्ति हुने गरी अध्ययनलाई शुद्ध, वैध र विश्वसनीयता प्रदान गर्नका लागि प्राथमिक र द्वितीय स्रोतका सामग्री निर्माण गरी अध्ययन गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययनका क्रममा प्राथमिक स्रोत सामग्री सङ्कलन गर्न क्षेत्रीय अध्ययन विधिलाई प्रयोग गरिएको छ । जसअन्तर्गत रुकुम जिल्लाका सामुदायिक पाँच र संस्थागत पाँच विद्यालय गरी प्रत्येक विद्यालयबाट पाँच छात्र र पाँच छात्रा गरी १०/१० जनाका दरले १०० जना विद्यार्थीहरूसँग प्रत्यक्ष सम्पर्क गरी विद्यार्थीहरूलाई दुईवटा अनुच्छेदबाट बुँदाटिपोट क्षमता लेखन कार्य गराइएको छ । उक्त विद्यार्थीहरूका उत्तरपुस्तिका सङ्कलन गरिएको छ ।

### ३.३.२ द्वितीय स्रोत

द्वितीय स्रोतअन्तर्गत शोधकार्य गर्नुभन्दा पहिले नै अन्य अनुसन्धानकर्ताले सङ्कलन गरेका सामग्रीहरू पर्दछन् । यस अनुसन्धानमा द्वितीय सामग्रीका रूपमा सम्बन्धित विषयमा भएका शोधपत्रहरू, पत्रपत्रिकाहरू, प्रकाशित आलेखहरू, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, खोजी गरेर अध्ययन गरिएको छ । नमुना छनोटमा परेका विद्यार्थीहरूको नतिजामा सहजता ल्याउनका लागि विषय शिक्षक र साथीहरूको सहयोग लिइएको छ र त्यसैगरी सम्बन्धित विषयका सुझावहरूलाई पनि यस शोधपत्रको द्वितीय स्रोतका रूपमा लिइएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन

रुकुम जिल्लाका प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएका विद्यालयका विद्यार्थीहरूलाई निर्धारित समयमा निर्धारित अनुच्छेदबाट बुँदाटिपोट गर्न लगाइएको छ । जसबाट सङ्कलन गरिएका उत्तर पुस्तिकालाई प्रक्रियागत रूपमा व्याख्या विश्लेषण गरिएको छ ।

यस अनुसन्धानका लागि शोधार्थीले सम्बन्धित विद्यालयको प्रशासन, नेपाली विषयका शिक्षक, अन्य शिक्षक तथा विद्यार्थीहरूसँग सम्पर्क गरी आवश्यक सहयोग लिइएको छ । व्याख्या विश्लेषणका क्रममा प्राप्त तथ्याङ्कको प्रस्तुतीकरण व्याख्या विश्लेषण गर्नका लागि प्रतिनिधि नमुना छनोट गरिएका विद्यार्थीहरूको दक्षता, सिप, कौशल, पहिचानको प्राप्ताङ्कलाई प्रतिशत, मध्यमान तथा मध्यविन्दु जस्ता तथ्याङ्कीय विधिको प्रयोग गरी तथ्याङ्कको प्रस्तुतीकरण गरिएको छ । यस अध्ययनमा प्रत्येक विद्यार्थीको लैङ्गिक र विद्यालयको प्रकृतिका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ । यसको व्याख्याका लागि विद्यार्थीहरूले लेखेको बुँदाटिपोटको प्रकृतिअनुसार प्राप्ताङ्कको मध्यमान र प्रतिशतका आधारमा बुँदाटिपोट क्षमताको व्याख्या गरी शोधप्रस्तावको उद्देश्यअनुरूप सङ्कलन गरिएको तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी प्रतिशतका आधारमा तुलनात्मक रूपमा व्याख्या विश्लेषण गरिएको छ ।

कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्दा सम्बन्धित विद्यालयमा गई शिक्षक र विद्यार्थीहरूलाई भेटघाट गरी सम्बन्धित विषयमा निर्धारित समयमा निर्धारित अनुच्छेद दिई बुँदाटिपोट गर्न लगाइएको छ । विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको लैङ्गिक आधारमा छात्र र छात्राको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ । उक्त आधारमा विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान र प्रतिशतका आधारमा बुँदाटिपोट क्षमताको व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.५ तथ्याङ्क विश्लेषण

प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा नमुना प्रतिनिधिका रूपमा छनोट गरिएका विद्यालयका विद्यार्थीहरूलाई दुईवटा अनुच्छेद दिई प्रत्येक अनुच्छेदबाट ५/५ वटा बुँदाहरू टिपोट गर्न लगाइएको छ । निर्धारित समय अवधिमा

लेखिएमा उत्तरहरू सङ्कलन गरी परीक्षण गरिएको छ । त्यस तथ्याङ्कको विश्लेषण गर्न क्रममा सम्पूर्ण विद्यार्थीहरूको प्रतिशत र मध्यमान, मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल, स्तम्भ चित्र र वृत्तचित्र निकालिएको छ । नमुना छनोटमा परेका विद्यार्थीहरूमध्ये मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल कति कति प्रतिशत विद्यार्थीहरू छन् भने गणना गरिएको छ । त्यसैगरी सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई लैङ्गिकताका आधारमा विभाजन गरी तालिकाबद्ध गरिएको छ । उक्त तथ्यबाट प्राप्त प्राप्ताङ्कका आधारमा उत्तरहरूलाई चार भागमा बाँडिएको छ । जस्तो उच्चतम, उच्च, मध्यम र न्यूनतम स्थानमा पर्ने विद्यार्थीहरूको वास्तविक सङ्ख्या पत्ता लगाउन प्रतिशताङ्क श्रेणी निर्धारण गरी समग्र विद्यार्थीहरूको बुँदाटिपोट गर्न सक्ने क्षमतालाई छुट्टाछुट्टै आधारमा मध्यमान र प्रतिशत निकालिएको छ । परीक्षणबाट प्राप्त नतिजालाई तालिकीकरण गरी प्रतिशताङ्क मध्यमान, मध्यमानभन्दा माथि, मध्यमानभन्दा तल, वृत्तचित्र र स्तम्भ चित्रका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

यसरी उक्त तथ्याङ्क विश्लेषण र मूल्याङ्कनका लागि विभिन्न कुराहरूलाई आधार मानिएको छ । समग्रताका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ । विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत, लैङ्गिकताका आधारमा छात्र र छात्राहरूको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ । उक्त अध्ययनमा विद्यार्थीहरूको प्राप्ताङ्कको मध्यमान र प्रतिशतका आधारमा बुँदाटिपोट क्षमताको व्याख्या विश्लेषण गरिएको । मध्यमान निकाल्नका लागि निम्न सुत्रको प्रयोग गरिएको छ ।

मध्यमानका लागि

मध्यमान $(\bar{x}) = \frac{\Sigma fx}{N}$

$(\bar{x})$ = मध्यमान

$\Sigma x$ = प्राप्ताङ्कको योग

N = जम्मा विद्यार्थी सङ्ख्या

## अध्याय चार

# समग्रता विद्यार्थीहरूको आधारमा बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्ययन रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । बुँदाटिपोट क्षमता विद्यार्थीहरूको लेखन कला सिपसम्बन्धी ज्ञानको स्तरीयता, भाषिक संयोजन, भाषिक शुद्धता, प्रस्तुतीकरण, विषयवस्तुको सङ्गठन, क्रमबद्धता, मौलिकता र सिर्जनशीलता विकास गर्नका लागि गरिएको छ । व्याख्या विश्लेषणका आधारमा प्राप्त गणितीय तथ्याङ्कलाई तुलनात्मक अध्ययन गरिएको छ ।

मानिसको स्वभाव व्यक्ति पछि फरक फरक हुन्छन् । त्यसैले मानिसका दृष्टिकोणहरू पनि भिन्न भिन्नै हुन्छन् । सबै कार्यमा सबै मानिस सम्मान हुन सक्दैनन् केही मानिस कुनै कार्यमा सक्षम हुन्छन् भने कुनै कार्यमा नजानेको पनि हुन सक्छन् । सबै कार्यमा सबै मानिस समान नहुनु पनि मानिसमा हुने एउटा विशेषता हो । बुँदाटिपोट क्षमताको लेखनमा छनोट गरिएका विद्यार्थीहरूको तथ्याङ्क विश्लेषण गर्दा समान रहेको पाइँदैन । कुनै विद्यार्थीहरू बुँदाटिपोटमा सफल रहेका छन् भने कुनै विद्यार्थीहरू त्यति देखिएको पाइँदैन । कुनै विद्यार्थीहरू भाषिक संयोजनमा, शुद्धता, क्रमबद्धता, स्तरीयता, प्रस्तुतीकरण र विषयवस्तुको सङ्गठन राम्रो देखिन्छ भने कुनै निम्न देखिन्छन् । यसका अतिरिक्त विविध पक्षलाई मध्यनजर गर्दै तुलनात्मक अध्ययनका क्रममा छात्र छात्रा तथा समुदायिक र संस्थागत विद्यालयका अनि लैङ्गिक भिन्नताको तुलनात्मक अध्ययन गरी त्यसको विश्लेषण गर्न कार्य प्रस्तुत अध्ययनमा गरिएको छ ।

यस अध्ययनमा रुकुम जिल्लाका सामुदायिक र संस्थागत गरी दशवटा विद्यालयका १०० जना विद्यार्थीहरू छनोट गरिएको छ । उक्त अध्ययनमा प्रत्येक विद्यार्थीलाई दुईवटा अनुच्छेद दिएर बुँदाटिपोट गर्न लगाई सामग्री सङ्कलन गरिएको छ । परीक्षण गर्दा भाषिक संयोजन ५ अङ्क, स्तरीयता ५ अङ्क, भाषिक शुद्धता १० अङ्क, प्रस्तुतीकरण १० अङ्क, विषयवस्तुको सङ्गठनमा १० अङ्क, क्रमबद्धता १० अङ्क, मौलिकता १० अङ्क गरी जम्मा ६० पूर्णाङ्क प्रदान गरिएको छ । २०% भन्दा कम ल्याउनेलाई ज्यादै कम २०- ४०% ल्याउनेलाई निम्ना ४०-६०% ल्याउनेलाई मध्यम ६०-८०% ल्याउनेलाई उच्च र ८०-१००% ल्याउनेलाई उच्चतम श्रेणी छुट्याएको छ । यसरी परीक्षण पश्चात् प्राप्त तथ्याङ्कलाई प्रतिशताङ्क र मध्यमानका आधारमा परिणाम निकाली छलफल तथा विश्लेषण गरिएको छ ।

## ४.१ समग्र विद्यार्थीहरूको आधारमा बुँदाटिपोट क्षमताको अध्ययन

यस अध्यायमा शोधकार्यमा राखिएका उद्देश्यहरू परिपूर्ति गर्नका लागि अपनाएका विभिन्न विधिहरूमार्फत् आएका तथ्याङ्कलाई विविध आधारमा वर्गीकरण गरी छलफल तथा विश्लेषण गरिएको छ । कक्षा नौमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययनका लागि रुकुम जिल्लाका ५ पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालय गरी जम्मा १० वटा विद्यालयबाट १०/१० जना विद्यार्थीका दरले जम्मा १०० जना विद्यार्थीको बुँदाटिपोट क्षमताका आधारमा प्रतिशत र मध्यमानका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गरिएको छ । प्रतिशतका आधारमा मूल्याङ्कन गर्दा पाँच वटा श्रेणीमा विभाजन गरिएको छ भने मध्यमानका आधारमा मूल्याङ्कन गर्दा मध्यमानभन्दा माथि र मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या निकालिएको छ, यी आधारमा बुँदाटिपोट क्षमताको व्याख्या र विश्लेषण गरिएको छ । सोअनुसार रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत सामुदायिक र संस्थागत गरी दशवटा विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति निम्नानुसार रहेको छ :

### ४.१.१ समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१**

**समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | ०-२०% अङ्क ल्याउने | | २१-४० % अङ्क ल्याउने | | ४१-६० % अङ्क ल्याउने | | ६१-८०% अङ्क ल्याउने | | ८१-१०० % अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ० | ० | ८ | ८ | ५१ | ५१ | ३४ | ३४ | ७ | ७ |

माथि दिइएको तालिकामा रुकुम जिल्लाका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयका कक्षा नौमा अध्ययनरत १०० जना विद्यार्थीहरूको समग्रताका आधारमा बुँदाटिपोट क्षमतालाई प्रतिशतका आधारमा देखाएको छ। जसलाई विश्लेषण गर्दा कुल १०० जना विद्यार्थीहरूमध्ये क्रमशः १०-२० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र प्रतिशत ० रहेको छ। २१- ४० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ८ र प्रतिशत८ रहेको छ। त्यस्तैगरी ४१-६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५१ र प्रतिशत ५१ रहेको छ भने ६१-८० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३४ र प्रतिशत ३४ रहेको छ, त्यस्तैगरी ८१-१०० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ७ र प्रतिशत ७ रहेको देखिन्छ।

यसरी माथिको नतिजाको आधारमा विश्लेषण गर्दा सबैभन्दा तल्लो श्रेणीमा ० प्रतिशत माथिल्ला श्रेणीमा ७ प्रतिशत रहेको छ। मध्यम श्रेणीमा ५१ र ३४ प्रतिशत रहेकाले रुकुम जिल्लाका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ठिकै रहेको मानिन्छ।

### ४.१.२ मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कका आधारमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.२**

**मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०-२० | ४ | १५ | ६० |
| २०-३० | ३१ | २५ | ७७५ |
| ३०-४० | ३९ | ३५ | १३६५ |
| ४०-५० | २१ | ४५ | ९४५ |
| ५०-६० | ५ | ५५ | २७५ |
| जम्मा | N= १०० | | Σfm = ३४२० |

मध्यमान ( $\bar{x}$) $= \frac{\Sigma fx}{N}$

$= \frac{३४२०}{१००}$


= ३४.२ उत्तर

तालिका नं. २ लाई विश्लेषण गर्दा कुल १०० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको औसत अवस्था ३४.२ औसत मध्यमान ३०-४० को वर्गान्तरको बिचमा रहेको छ। विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको औसत सिकाइ उपलब्धि स्तर ३४.२ प्रतिशत भएको तथ्य तालिका नं. २ ले देखाउँदछ।

### ४.१.३ स्तम्भ चित्रका आधारमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

**चित्र नं. ४.१**

**समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**




माथि दिइएको स्तम्भ चित्रमा रुकुम जिल्लाका सामुदायिक र संस्थागत गरी जम्मा १० जना विद्यालयका कक्षा नौमा अध्ययनरत १०० जना विद्यार्थीहरूको समग्रताका आधारमा बुँदाटिपोट क्षमतालाई देखाएको छ। जसमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको सबैभन्दा बढी सङ्ख्या ४१-६० को वर्गान्तरको बिचमा रहेको छ। जसमा ४१-६० को

वर्गान्तर ५१ विद्यार्थीको बुँदाटिपोट क्षमताको औसत सिकाइ उपलब्धि अन्य विद्यार्थीको भन्दा ठिकै देखिन्छ ।

### ४.१.४ मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.३**

**मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ३४.२ | ५४ | ५४ | ४६ | ४६ |

माथिको तालिकाअनुसार रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा प्राप्त गरेको प्राप्ताङ्कको आधारमा मध्यमान ३४.२ रहेको छ । यस तथ्याङ्कीय विश्लेषणमा समग्र मध्यमानलाई आधार मानी हेर्दा जम्मा १०० जना विद्यार्थीहरूमा मध्यमानभन्दा माथि बुँदाटिपोट क्षमता रहेका विद्यार्थीहरूको सङ्ख्या ५४ जना रहेको छ भने मध्यमानभन्दा तल बुँदाटिपोट क्षमता रहेका विद्यार्थीहरूको सङ्ख्या ४६ जना छन् । जसमा प्रतिशतका आधारमा मध्यमानभन्दा माथि ल्याउने ५४ प्रतिशत र मध्यमानभन्दा तल ल्याउने ४६ प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

यसरी मध्यमानका आधारमा हेर्दा मध्यमानभन्दा बढी ल्याउने विद्यार्थीहरूको सङ्ख्या धेरै र मध्यमानभन्दा कम ल्याउने विद्यार्थीहरूको सङ्ख्या थोरै भएको हुँदा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको मानिन्छ ।

## ४.२ सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा रुकुम जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्ने क्रममा प्रत्येक विद्यालयलाई छुट्टाछुट्टै विभाजन गरिएको छ । जसमा प्रत्येक एउटा विद्यालयमा १० जना विद्यार्थीहरू मध्ये पाँच जना छात्र र पाँच जना छात्रा रहेका छन् । यसरी परिभाषा र विश्लेषण छुट्टाछुट्टै रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.२.१ शीतल उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

यस अध्ययनका क्रममा रुकुम जिल्लाका सामुदायिक विद्यालयहरूमध्ये शीतल उच्च माध्यमिक विद्यालय पनि छनोटमा परेको हुँदा उक्त विद्यालयबाट पाँच जना छात्र र पाँच जना छात्रा गरी जम्मा १० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ । प्रस्तुत तथ्याङ्कको परिमाण र छलफल प्रतिशत मध्यमान र स्तम्भ चित्रका आधारमा निम्नानुसार देखाएको छ ।

### ४.२.२ प्रतिशतका आधारमा शीतल उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्रतिशतका आधारमा शी.उ.मा.वि चौरजहारीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.४**

**प्रतिशतका आधारमा शीतल उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| कूल विद्यार्थी सङ्ख्या | ०- २०% अङ्क ल्याउने | | २१-४०% अङ्क ल्याउने | | ४१-६०% अङ्क ल्याउने | | ६१-८०% अङ्क ल्याउने | | ८१-१००% अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. |
| १० | ० | ० | १ | १० | ७ | ७० | २ | २० | ० | ० |

माथिको तालिकाका आधारमा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको प्राप्ताङ्क प्रस्तुत गरिएको छ । जसमा नमुनाका रूपमा

रहेको शी.उ.मा. वि. का पाँच जना छात्र र पाँच जना छात्रा परेका छन् । जसअनुसार प्रतिशतका आधारमा पाँचवटा श्रेणीमा विभाजन गरिएको छ । जसमा ०-२०% सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र प्रतिशत पनि ० नै रहेको छ । त्यसैगरी २१-४०% सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ र प्रतिशत १० रहेको छ । त्यसैगरी ४१-६०% सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ७ र प्रतिशत ७० रहेको छ । त्यसैगरी ६१-८०% सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ र प्रतिशत १० रहेको छ भने ८१-१००% सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र प्रतिशत पनि ० नै रहेको छ ।

यसरी सबैभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र सबै भन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० रहेको छ । यसरी हेर्दा रुकुम जिल्लाको शी.उ.मा.वि.मा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति हेर्दा मध्यम र उच्च श्रेणीमा अङ्क ल्याउने विद्यार्थी सङ्ख्या बढी भएको देखिन्छ ।

### ४.३.३ शीतल उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुदाटिपोट क्षमताको मध्यमानको अवस्था

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कका आधारमा शी.उ.मा.वि. चौरजहारीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.५**

**शीतल उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०–२० | ० | १५ | ० |
| २०–३० | ६ | २५ | १५० |
| ३०–४० | ४ | ३५ | १४० |
| ४०–५० | ० | ४५ | ० |
| ५०–६० | ० | ५५ | ० |
| जम्मा | N= १० | | Σfm = २९० |

मध्यमान ( $\bar{x}$ ) $= \frac{\Sigma fx}{N}$

$= \frac{२९०}{१०}$

= २९ उत्तर

माथि दिइएको तालिकालाई विश्लेषण गर्दा कूल १० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमान औसत २९ देखिन्छ । २९ औसत मध्यमान २०-३० को वर्गान्तरको बिचमा रहेको छ । विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको औसत सिकाइ उपलब्धि स्तर २९ भएको तथ्य यस तालिकाले देखाउँदछ ।

### ४.२.४ मध्यमानका आधारमा शीतल उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त मध्यमानका आधारमा शीतल उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.६**

**मध्यमानका आधारमा शी.उ.मा.वि.का विद्यार्थीहरूका बुँदाटिपोट क्षमताको स्थिति**

| कूल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १० | २९ | ७ | ७० | ३ | ३० |


माथि दिइएको तालिकाका आधारमा रुकुम जिल्लाका सामुदायिक विद्यालय अन्तर्गत शी.उ.मा.वि.का विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान २९ रहेको छ । यस मध्यमानलाई आधार मानी हेर्दा मध्यमान भन्दा माथि बुँदाटिपोट क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ७ र प्रतिशत ७० रहेको छ भने मध्यमान भन्दा तल अङ्क

ल्याउने विद्यार्थी सङ्ख्या ३ र प्रतिशत ३० रहेको छ । त्यसैले शी.उ.मा.वि चौरजहारीका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट लेखन क्षमता राम्रो देखिन्छ ।

### ४.२.५ स्तम्भ चित्रका आधारमा शीलत उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

चित्र नं. ४.२

**शीतल उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**




माथि दिइएको चित्रलाई विश्लेषण गर्दा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत शी.उ.मा.वि.का जम्मा १० विद्यार्थीहरू मध्ये बुँदाटिपोट क्षमतामा सबैभन्दा कम अङ्क ल्याउने ० र सबैभन्दा बढी अङ्क ल्याउने ० रहेको छ भने सबै भन्दा बढी विद्यार्थी सङ्ख्या ४१-६० को वर्गान्तरमा रहेको देखिन्छ ।

## ४.३ माध्यमिक विद्यालय खहरेका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्ययनका क्रममा रुकुम जिल्लाका सामुदायिक विद्यालय मध्ये माध्यमिक विद्यालय खहरे पनि छनोट परेको छ । उक्त विद्यलायबाट पाँच जना छात्र र पाँच जना छात्रा गरी १० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ । प्रस्तुत तथ्याङ्कको परिमाण र छलफल प्रतिशत, मध्यमान र स्तम्भ चित्रका आधारमा निम्नानुसार देखाइएको छ :

### ४.३.१ प्रतिशतका आधारमा माध्यमिक विद्यालय खहरेका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्रतिशतका आधारमा मा.वि. खहरेका विद्याथीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.७**

**प्रतिशतका आधारमा माध्यमिक विद्यालय खहरेका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| कूल विद्यार्थी सङ्ख्या | ०- २०% अङ्क ल्याउने | | २१-४०% अङ्क ल्याउने | | ४१-६०% अङ्क ल्याउने | | ६१-८०% अङ्क ल्याउने | | ८१-१००% अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. |
| १० | ० | ० | १ | १० | ७ | ७० | २ | २० | ० | ० |

माथिको तालिका अनुसार रुकुम जिल्लाको माध्यमिक विद्यालय खहरेमा अध्ययनरत कक्षा नौका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको प्रतिशताङ्क देखाइएको छ । जस अनुसार प्रतिशतका आधारमा पाँचवटा श्रेणीमा विभाजित गरिएको छ । जसमा ०-२० प्रतिशत सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र प्रतिशत पनि ० नै रहेको छ । त्यसैगरी २१-४० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ र प्रतिशत १० रहेको छ । त्यसैगरी ४१-६० प्रतिरात सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ७ र प्रतिशत ७० रहेको छ । त्यसैगरी ६१-८० प्रतिशत सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ र प्रतिशत पनि २० नै रहेको छ भने ८१-१०० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र प्रतिशत पनि ० नै रहेको छ ।

यस तालिका अनुसार सबैभन्दा माथिल्लो श्रेणीमा ० र सबै भन्दा तल्लो श्रेणीमा ० विद्यार्थीहरू रहेका छन् भने मध्य र उच्च श्रेणीमा विद्यार्थीहरूको सङ्ख्या सबै भन्दा बढी रहेको छ । तसर्थ रुकुम जिल्लाका माध्यमिक विद्यालय खहरेका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सन्तोषजनक नै देखिन्छ ।

### ४.३.२ माध्यमिक विद्यालय र खहरेका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कको आधारमा मा.वि. खहरेका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.८**

**मा.वि. खहरेका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०-२० | ० | १५ | ० |
| २०-३० | ४ | २५ | १०० |
| ३०-४० | ६ | ३५ | १० |
| ४०-५० | ० | ४५ | ० |
| ५०-६० | ० | ५५ | ० |
| जम्मा | N= १० | | $\Sigma$fm = २९० |

मध्यमान ( $\bar{x}$) $= \frac{\Sigma fx}{N}$

$= \frac{३१०}{१०}$

= ३१ उत्तर

उपर्युक्त तालिका रुकुम जिल्लाको माध्यमिक विद्यालय खहरेका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ३१ रहेको छ । विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको औसत सिकाइ उपलब्धि स्तर ३१ भएाके तथ्य यस तालिकाले देखाउँदछ ।

### ४.३.३ मध्यमानका आधारमा माध्यमिक विद्यालय खहरेका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्क बाट प्राप्त मध्यमानका आधारमा माध्यमिक विद्यालय खहरेका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.९**

**मध्यमानका आधारमा मा.वि. खहरेका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**


| कूल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १० | ३१ | ५ | ५० | ५ | ५० |

माथिको तालिकाका आधारमा रुकुम जिल्लाका सामुदायिक विद्यालय अन्तर्गत मा.वि. खहरेको विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ३१ रहेको छ । यसरी मध्यमानलाई आधारमानी हेर्दा जम्मा १० जना विद्यार्थीहरूमध्ये मध्यमान भन्दामाथि ५ जना विद्यार्थीहरू रहेका छन् भने मध्यमानभन्दा तल ५ जना विद्यार्थीहरू रहेको देखिन्छ । यसरी मध्यमानभन्दा माथि र तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या बराबर भएको देखिन्छ । त्यसैले माध्यमिक विद्यालय खहरेका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ठिकै देखिन्छ ।

**४.३.४ स्तम्भ चित्रका आधारमा माध्यमिक विद्यालय खहरेका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

चित्र नं. ४.३

माध्यमिक विद्यालय खहरेका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति




माथि दिइएको स्तम्भ चित्रलाई विश्लेषण गर्दा रुकुम जिल्लाको सामुदायिक विद्यालय अन्तर्गत माध्यमिक विद्यालय खहरेका जम्मा १० जना विद्यार्थीहरू छनोटमा परेका मध्ये बुँदाटिपोट क्षमतामा सबै भन्दा बढी विद्यार्थीहरू ४१-६० विचको वर्गान्तरमा रहेका छन् भने सबै भन्दा कम ०-२० को वर्गान्तरमा रहेको छ । जुन स्तम्भ चित्रलाई हेर्दा विद्यार्थीहरूको सिकाइ उपलब्धि सन्तोषजनक नै देखिन्छ ।

## ४.४ हिमालय माध्यमिक विद्यालय खोलागाउँका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्ययनका क्रममा रुकुम जिल्लाका सामुदायिक विद्यालयमध्ये हिमालय माध्यमिक विद्यालय र खोलागाउँ पनि छनोटमा परेको थियो । जुन विद्यालयबाट पाँच जना छात्र र पाँच जना छात्रा गरी जम्मा १० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ । प्रस्तुत तथ्याङ्कको परिमाण, छलफल प्रतिशत, मध्यमान र स्तम्भ चित्रका आधारमा निम्नानुसार देखाइएको छ :

### ४.४.१ प्रतिशतका आधारमा हिमालय माध्यमिक विद्यालय खोलागाउँका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्रतिशतका आधारमा हिमालय माध्यमिक विद्यालय खोलागाउँका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं. ४.१०**

**हि.मा.वि.का विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| कूल विद्यार्थी सङ्ख्या | ०- २०% अङ्क ल्याउने | | २१-४०% अङ्क ल्याउने | | ४१-६०% अङ्क ल्याउने | | ६१-८०% अङ्क ल्याउने | | ८१-१००% अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. |
| १० | ० | ० | १ | १० | ७ | ७० | २ | २० | ० | ० |

माथि दिइएको तालिका अनुसार रुकुम जिल्लाका सामुदायिक विद्यालय अन्तर्गत हिमालय माध्यमिक विद्यालयका कक्षा नौमा अध्ययनतर विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको प्रतिशताङ्क देखाइएको छ । जसमा प्रतिशतका आधारमा पाँचवटा श्रेणीमा विभाजन गरिएको छ। जसअनुसार ०-२० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र प्रतिशत पनि ० नै रहेको छ। त्यसैगरी २१-४० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ र प्रतिशत पनि १० नै रहेको छ। त्यसैगरी ४१-६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ७ र प्रतिशत ७० रहेको छ। त्यसैगरी ६१-८० प्रतिशत सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ र प्रतिशत २० रहेका छ भने ८१-१०० प्रतिशत सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र प्रतिशत पनि ० नै रहेको छ।

यसरी सबै भन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र सबै भन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० रहेको छ भने मध्यम २१-६० मा ७ जना विद्यार्थी रहेका छन् भने

प्रतिशत ७० रहेको छ । ६१-८० प्रतिशत सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ जना र प्रतिशत २० रहेको हुँदा हिमालय माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सन्तोषजनक नै देखिन्छ ।

### ४.४.२ हिमालय माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कको आधारमा हिमालय माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.११**

**हि.मा.वि. का विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| ०–२० | ० | १५ | ० |
| २०–३० | ३ | २५ | ७५ |
| ३०–४० | ३ | ३५ | १०५ |
| ४०–५० | ४ | ४५ | १८० |
| ५०–६० | ० | ५५ | ० |
| जम्मा | N= १० | | Σfm = ३६० |

मध्यमान ( $\bar{x}$) $= \frac{\Sigma fx}{N}$

$= \frac{३६०}{१०}$

= ३६ उत्तर

माथि दिइएको तालिकालाई विश्लेषण गर्दा हिमालय माध्यमिक विद्यालयका जम्मा १० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यान ३६ रहेको छ । ३६ औसत मध्यमान ३०-४० को वर्गान्तरमा रहेकोछ । विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको औसत सिकाइ उपलब्धि स्तर ३६ भएको तथ्य यस तालिकाले देखाउँदछ ।

### ४.४.३ मध्यमानका आधारमा हिमालय माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त मध्यमानका आधारमा हि.मा.विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१२**

**मध्यमानका आधार हि.मा.वि. का विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**


| कूल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १० | ३६ | ५ | ५० | ५ | ५० |

माथि दिइएको तालिकाका आधारमा रुकुम जिल्लाका सामुदायिक विद्यालय अन्तर्गत हिमालय माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ३६ रहेको छ । यसरी मध्यमान लाई आधार मानी हेर्दा जम्मा १० जना विद्यार्थीहरू मध्ये मध्यमान भन्दा माथि ५ जना विद्यार्थीहरू रहेका छन् भने मध्यमान भन्दा तल ५ जना विद्यार्थीहरू रहेको तथ्य यस तालिकाले देखाउँदछ । यसरी मध्यमानभन्दा तल र माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या बराबर भएको देखिन्छ । त्यसैले हिमाल माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सन्तोषजनक नै देखिन्छ ।

### ४.४.४ स्तम्भ चित्रका आधारमा हिमालय माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

चित्र नं. ४.४

हिमालय माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति




माथि दिइएको स्तम्भ चित्रलाई विश्लेषण गर्दा रुकुम जिल्लाका सामुदायिक विद्यालय अन्तर्गत हिमालय माध्यमिक विद्यालयका पाँच जना छात्र र पाँच जना छात्र गरी जम्मा १० जना विद्यार्थीहरू छनोटमा परेका छन् । जसअनुसार सबैभन्दा कम ०-२० वर्गान्तरमा ० विद्यार्थीहरू रहेका छन् भने ४१-६० को बिचमा ५ जना र ५० प्रतिशत रहेका छन् भने ६१-८० को बिचमा ५ जना र ५० प्रतिशत रहेको देखिनछ । जुन स्तम्भ चित्रलाई हेर्दा विद्यार्थीहरूको सिकाइ उपलब्ध ठिकै देखिन्छ ।

## ४.५ उच्च माध्यमिक विद्यालय कोटजहारीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्ययनका क्रममा रुकुम जिल्लाका सामुदायिक विद्यालय मध्ये उच्च माध्यमिक विद्यालय कोटजहारी पनि छनोटमा परेको थियो । जुन विद्यालयबाट पाँच जना छात्र र पाँच जना छात्रा गरी जम्मा १० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

गरिएको छ । प्रस्तुत तथ्याङ्कको परिमान छलफल प्रतिशत, मध्यमान र स्तम्भ चित्रका आधारमा निम्नानुसार देखाइएको छ ।

### ४.५.१ प्रतिशतका आधारमा उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

तालिका नं. ४.१३

**प्रतिशतका आधारमा उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| कूल विद्यार्थी सङ्ख्या | ०- २०% अङ्क ल्याउने | | २१-४०% अङ्क ल्याउने | | ४१-६०% अङ्क ल्याउने | | ६१-८०% अङ्क ल्याउने | | ८१-१००% अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. |
| १० | ० | ० | १ | १० | ५ | ५० | ४ | ४० | ० | ० |

माथि दिइएको तालिकामा रुकुम जिल्लाको सामुदायिक विद्यालयहरूमध्ये उच्च माध्यमिक विद्यालय कक्षा नौमा अध्ययनतर जम्मा १० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति देखाइएको छ । जसमा विद्यार्थीहरूको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा पाँच श्रेणीमा विभाजन गरिएको छ । जसअनुसार ०-२० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र प्रंतिशत पनि ० नै रहेको छ । त्यसैगरी २१-४० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ र प्रतिशत १० रहेको छ भने ४१-६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ र प्रतिशत ५० रहेको छ । त्यसैगरी ६१-८० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४ र प्रतिशत ४० रहेको छ भने ८१-१०० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र प्रतिशत पनि ० नै रहेको छ ।

यसरी प्रस्तुत तालिका अनुसार सबै भन्दा तल्लो श्रेणीमा र माथिल्लो श्रेणीमा कुनै पनि विद्यार्थीहरू नरहेको र मध्य र उच्च श्रेणीमा विद्यार्थी सङ्ख्या बढी रहेको हुँदा माध्यमिक

विद्यालय कोटजहारीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ठिकै भएपनि त्यसलाई अझै सफलताको विन्दुमा पुऱ्याउनका लागि निरन्तर लेखन सिपको विकास गराउने कार्यकलापहरू गराउनु आवश्यक देखिन्छ ।

### ४.५.२ उच्च माध्यमिक विद्यालय कोटजहारीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कका आधारमा उ.मा.वि. कोटजहारीका विद्यार्थीहरूको बँदाटिपोट क्षमताको मध्यमानको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१४**

**उच्च माध्यमिक विद्यालय कोटजहारीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०-२० | १ | १५ | १५ |
| २०-३० | २ | २५ | ५० |
| ३०-४० | ४ | ३५ | १४० |
| ४०-५० | ३ | ४५ | १३५ |
| ५०-६० | ० | ५५ | ० |
| जम्मा | N= १० | | Σfm = ३४० |

मध्यमान $(\bar{x}) = \frac{\Sigma fx}{N}$

$= \frac{३४०}{१०}$

= ३४ उत्तर

माथि दिइएको तालिकालाई विश्लषण गर्दा कुल १० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको औसत मध्यमान ३४ रहेका छ । जुन मध्यमान ३०-४० को वर्गान्तरको बिचमा रहेको छ । त्यसैले विद्यार्थीहरूको सिकाइ उपलब्धि स्तर ३४ रहेक तथ्य यस तालिकाले देखाउँदछ ।

### ४.५.३ मध्यमानका आधारमा उच्च माध्यमिक विद्यालय कोटजहारीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त गरेको मध्यमानका आधारमा उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुंदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१५**

**मध्यमानका आधारमा उ.मा.वि. कोटजहारी विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**


| कूल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १० | ३४ | ७ | ७० | ३ | ३० |

माथि दिइएको तालिकाका आधारमा रुकुम जिल्लाका पाँचवटा सामुदायिक विद्यालयमध्ये उच्च माध्यमिक विद्यालय कोटजहारीमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ३४ रहेको छ । उक्त मध्यमानलाई आधारमानी हेर्दा मध्यमान भन्दा माथि ७ जना विद्यार्थीहरू रहेका छन् भने मध्यमान भन्दा तल ३ जना विद्यार्थीहरू रहेका छन् । तसर्थ रुकुम जिल्लाको उच्च माध्यमिक विद्यालय कोटजहारीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो देखिन्छ ।

### ४.५.४ स्तम्भ चित्रका आधारमा उच्च माध्यमिक विद्यालय कोटजहारीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

चित्र नं. ४.५

उच्च माध्यमिक विद्यालय कोटजहारीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति




उपयुक्त तालिकालाई विश्लेषण गर्दा रुकुम जिल्लाका पाँचवटा सामुदायिक विद्यालय अन्तर्गत उच्च माध्यमिक विद्यालय कोटजहारीका पाँच जना छात्रा र पाँच जना छात्र गरी जम्मा १० जना विद्यार्थीहरू छनोटमा परेका छन् । जसअनुसार ०-२० को वर्गान्तरको बिचमा ० विद्यार्थी सङ्ख्या रहेको छ भने २१-४० को बिच १ जना र ४१-६० को बिचमा ५ र ६१-८० को बिचमा ४ र ८१-१०० को बिचमा ० विद्यार्थी सङ्ख्या रहेको तथ्य यस स्तम्भ चित्रले देखाएको छ । जुन स्तम्भ चितत्रलाई हेर्दा विद्यार्थीहरूको सिकाइ उपलब्धि ठिकै देखिन्छ ।

## ४.६ महेन्द्र उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्ययनका क्रममा रुकुम जिल्लाका पाँच वटा सामुदायिक विद्यालयअन्तर्गत महेन्द्र उच्च माध्यमिक विद्यालय पनि छनोटमा परेको थियो । जुन विद्यालयबाट कक्षा नौमा अध्ययनरत पाँच जना छात्र र पाँच जना छात्रा गरी जम्मा १० जना विद्यार्थीहरूको

बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ । प्रस्तुत तथ्याङ्कको परिमाण छलफल प्रतिशत मध्यमान र स्तम्भ चित्रका आधारमा निम्नानुसार देखाइएको छ ।

### ४.६.१ प्रतिशतका आधारमा महेन्द्र उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्रतिशतका आधारमा महेन्द्र उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१६**

**म.उ.मा. विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| कूल विद्यार्थी सङ्ख्या | ०- २०% अङ्क ल्याउने | | २१-४०% अङ्क ल्याउने | | ४१-६०% अङ्क ल्याउने | | ६१-८०% अङ्क ल्याउने | | ८१-१००% अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. |
| १० | ० | ० | ० | ० | ७ | ७० | ३ | ३० | ० | ० |

माथि दिइएको तालिकाका आधारमा रुकुम जिल्लाका पाँचवटा सामुदायिक विद्यालय मध्ये महेन्द्र उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययनको स्थितिलाई देखाइएको छ । जसमा कक्षा नौमा अध्ययनरत पाँच जना छात्र र पाँच जना छात्रा गरी जम्मा १० जना विद्यार्थीहरूको नमुनाको रूपमा लिइएको थियो । जसमा विद्यार्थीहरूको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा पाँच श्रेणीमा विभाजन गरिएको छ । जसमा ०-४० प्रतिशत सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० रहेको छ भने प्रतिशत पनि ० नै रहेको छ । त्यसैगरी ४१-६० प्रतिशत सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ७ र प्रतिशत ७० रहेको छ । त्यसैगरी ६१-८० प्रतिशत सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३ र प्रतिशत ३० रहेको छ । त्यसैगरी ८१-१०० प्रतिशत सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र प्रतिशत पनि ० नै रहेको छ ।

यसरी प्रस्तुत तालिका अनुसार सबैभन्दा माथिल्लो र तल्लो श्रेणीमा ० प्रतिशत विद्यार्थीहरू रहेपनि मध्यम श्रेणीमा ७ जना र प्रतिशत ७० रहेको छ भने उच्च श्रेणीमा ३ जना र प्रतिशत ३० रहेको हुँदा रुकुम जिल्लाको महेन्द्र उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सन्तोषजनक नै देखिन्छ ।

### ४.६.२ महेन्द्र उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था

सङ्कलित तथ्याङ्कबाट प्राप्त गरेको प्राप्ताङ्कको आधारमा म.उ.मा. विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताका मध्यमानको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१७**

**महेन्द्र उच्च माध्यमिक विद्यालयका विद्यार्थीरुको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०-२० | ० | १५ | ० |
| २०-३० | ३ | २५ | ७५ |
| ३०-४० | ६ | ३५ | २१० |
| ४०-५० | १ | ४५ | ४५ |
| ५०-६० | ० | ५५ | ० |
| जम्मा | N= १० | | $\Sigma$fm = ३३० |

मध्यमान ( $\bar{x}$ ) $= \frac{\Sigma fx}{N}$

$= \frac{३३०}{१०}$

= ३३ उत्तर

माथि दिइएको तालिकालाई विश्लेषण गर्दा कुल १० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको औसत मध्यमान ३३ रहेको छ । जनु मध्यमान ३०-४० को वर्गान्तरको बिचमा रहेको छ । त्यसैले विद्यार्थीहरूको सिकाइ उपलब्धिस्तर ३३ रहेको तथ्य यस तालिकाले देखाउँदछ ।

### ४.६.३ मध्यमानका आधारमा महेन्द्र उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्बाट प्राप्त मध्यमानका आधारमा महेन्द्र उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१८**

**मध्यमानका आधारमा म.उ.मा. विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**


| कूल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १० | ३३ | ५ | ५० | ५ | ५० |

माथि दिइएको तालिका अनुसार रुकुम जिल्लाको महेन्द्र उच्च माध्यमिक विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा प्राप्त गरेका प्राप्ताङ्कको मध्यमान ३३ रहेको छ । उक्त मध्यमानलाई आधारमानी हेर्दा जम्मा १० जना विद्यार्थीहरू मध्ये मध्यमान भन्दा माथि ५ जना विद्यार्थीहरू रहेका छन् भने मध्यमानभन्दा तल ५ जना विद्यार्थीहरू रहेको हुँदा रुकुम जिल्लाको महेन्द्र उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ठिकै भएपनि यसलाई अझै सफलताको विन्दुमा पुऱ्याउनका लागि लेखन कला सम्बन्धि विभिन्न कार्यकलापहरू गराउनु जरुरी देखिन्छ ।

### ४.६.४ स्तम्भ चित्रका आधारमा महेन्द्र माध्यमिक विद्यलायका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

चित्र नं. ४.६

महेन्द्र माध्यमिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति




माथि दिइएको स्तम्भ चित्रलाई विश्लेषण गर्दा रुकुम जिल्लाका सामुदायिक विद्यालय अन्तर्गत महेन्द्र उच्च माध्यमिक विद्यालयका जम्मा १० जना विद्यार्थीहरू छनोटमा परेका थिए । जसमध्ये बुँदाटिपोट क्षमतामा सबै भन्दा कम अङ्क ल्याउने ०-२० सम्म ० रहेका छन् भने सबैभन्दा बढी ८१-१०० प्रतिशतमा कुनै पनि विद्यार्थी सङ्ख्या नरहेको देखिन्छ भने मध्यमा ४१-६० प्रतिशतमा ७ जना विद्यार्थीहरू रहेका छन् भने ६१-८० प्रतिशतमा ३ जना विद्यार्थीहरू रहेको तथ्य यस तालिकाले देखाउँदछ ।

## ४.७ संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा रुकुम जिल्लाका पाँचवटा संस्थागत विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्ने क्रममा प्रत्येक विद्यालयलाई छुट्टाछुट्टै विभाजन गरिएको छ । जसमा प्रत्येक एउटा विद्यालयबाट पाँच जना छात्र र पाँच जना छात्रा गरी जम्मा १० जना विद्यार्थीहरू छनोटमा परेका छन् । यसरी छनोटमा परेका

विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको परिमाण विश्लेषण छुट्टाछुट्टै रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.७.१ सरस्वती एडभान्स हाईस्कुलका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

यस अध्ययनका क्रममा रुकुम जिल्लाका पाँचवटा संस्थागत विद्यालयहरूमध्ये सरस्वती एडभान्स पनि नमुना छनोटमा परेको थियो । उक्त विद्यालयबाट पाँच जना छात्रा र पाँच जना छात्र गरी जम्मा १० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ । प्रस्तुत तथ्याङ्कको परिभाषा र छलफल प्रतिशत मध्यमान र स्तम्भ चित्रका आधारमा निम्नानुसार देखाइएको छ ।

### ४.७.२ प्रतिशतका आधारमा सरस्वती एडभान्सका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्रतिशतका आधारमा सरस्वती एडभान्सका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.१९**

**सरस्वती एडभान्सका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| कूल विद्यार्थी सङ्ख्या | ०- २०% अङ्क ल्याउने | | २१-४०% अङ्क ल्याउने | | ४१-६०% अङ्क ल्याउने | | ६१-८०% अङ्क ल्याउने | | ८१-१००% अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. |
| १० | ० | ० | २ | २० | ६ | ६० | २ | २० | ० | ० |

प्रस्तुत तालिकामा रुकुम जिल्लाका पाँचवटा संस्थागत विद्यालय मध्ये सरस्वती एडभान्सका कक्षा नौमा अध्ययनरत पाँच जना छात्र र पाँच जना छात्रा गरी जम्मा १० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई देखाइएको छ । प्राप्ताङ्कको नतिजा प्राप्ताङ्कको प्रतिशतका आधारमा पाँच श्रेणीमा विभाजन गरिएको छ । जसमा ०-२० प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ० र प्रतिशत ० रहेको छ । त्यसैगरी २१-४० प्रतिशत

अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ र प्रतिशत २० रहेको छ । त्यसैगरी ४१-६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६ र प्रतिशत ६० रहेको छ । त्यसैगरी ६१-८० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ र प्रतिशत पनि २० रहेको छ । त्यसैगरी छ भने ८१-१०० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र प्रतिशत पनि ० नै रहेको यस तालिकाले देखाउँदछ ।

यसरी यस तालिकाले सबै भन्दा माथिल्लो र तल्लो श्रेणीमा कुनै पनि विद्यार्थीहरू नरहेको देखाउँछ भने मध्य र उच्च श्रेणीमा सबै विद्यार्थीहरू रहेकाले सरस्वती एडभान्सका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सन्तोषजनक नै देखिन्छ ।

### ४.७.३ सरस्वती एडभान्सका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कका आधारमा सरस्वती एडभान्सका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका नं. ४.२०**

**सरस्वती एडभान्सका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०-२० | २ | १५ | ३० |
| २०-३० | ३ | २५ | ७५ |
| ३०-४० | ३ | ३५ | १०५ |
| ४०-५० | २ | ४५ | ९० |
| ५०-६० | ० | ५५ | ० |
| जम्मा | N= १० | | Σfm = ३०० |

मध्यमान ( $\bar{x}$) $= \frac{\Sigma fx}{N}$

$= \frac{३००}{१०}$

= ३० उत्तर

उपर्युक्त तालिकालाई विश्लेषण गर्दा सरस्वती एडभान्सका जम्मा १० जनाविद्यार्थीहरूको बुँदाटिपोट क्षमताको औसत मध्यमान ३० रहेको छ । जुनमध्यमान ३०-४० बिचको वर्गान्तरमा रहेको छ । त्यसैले विद्यार्थीहरूको सिकाइ उपलब्धि ३० रहेको तथ्य यस तालिकाले देखाउँदछ ।

### ४.७.४ मध्यमानका आधारमा सरस्वती एडभान्सका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त मध्यमानका आधारमा सरस्वती एडभान्सका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.२१**

**सरस्वती एडभान्सका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अवस्था**


| कूल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १० | ३० | ५ | ५० | ५ | ५० |

माथि दिइएको तालिका अनुसार रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत सरस्वती एडभान्सका विद्यार्थीहरूका बुँदाटिपोट क्षमतामा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ३० रहेको छ । माथि दिइएको मध्यमानलाई आधार मानी हेर्दा १० जना विद्यार्थीहरूको मध्यमान भन्दा माथि बुँदाटिपोट क्षमता रहेका विद्यार्थी सङ्ख्या ५ र मध्यमानभन्दा तल बुँदाटिपोट क्षमता रहेका विद्यार्थीहरूको सङ्ख्या ५ रहेको छ । प्रतिशतका आधारमा मध्यमानभन्दा माथि ५० र मध्यमानभन्दा तल ५० प्रतिशत विद्यार्थीहरू रहेका छन् । यसरी मध्यमानका आधारमा मध्यमानभन्दा बढी र कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या बराबर भएको हुँदा सरस्वती एडभान्सका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ठिकै रहेको देखिन्छ ।

### ४.७.५ स्तम्भ चित्रका आधारमा सरस्वती एडभान्सका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

**चित्र नं. ४.७**

**सरस्वती एडभान्सका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**




माथिको स्तम्भ चित्रलाई विश्लेषण गर्दा रुकुम जिल्लाका संस्थागत विद्यालय मध्ये सरस्वती एडभान्सका जम्मा १० जना विद्यार्थीहरू छनोटमा परेका थिए । जस मध्ये बुँदाटिपोट क्षमतामा सबै भन्दा कम अङ्क ०-२० प्रतिशत अङ्क ल्याउने र सबै भन्दा बढी अङ्क ८१-१०० प्रतिशतमा कुनै पनि विद्यार्थीहरू नरहेको देखिन्छ । त्यसैगरी २१-४० प्रतिशत २ जना विद्यार्थीहरू रहेका छन् भने ४१-६० प्रतिशतमा ६ जना विद्यार्थीहरू रहेका छन् । त्यसैगरी ६१-८० प्रतिशतमा २ जना विद्यार्थीहरू रहेको तथ्य यस तालिकाले देखाउँदछ ।

## ४.८ भ्याली पब्लिक हाईस्कुलका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्ययनका क्रममा रुकुम जिल्लाका पाँचवटा संस्थागत विद्यालयहरूमध्ये भ्याली पब्लिक हाईस्कुलका पनि नमुना छनोटमा परेको थियो । उक्त विद्यालयबाट पाँच जना छात्र र पाँच जना छात्रा गरी जम्मा १० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको

अध्ययन गरिएको छ । प्रस्तुत तथ्याङ्कको परिणाम, छलफल, प्रतिशत, मध्यमान र स्तम्भ चित्रका आधारमा निम्नानुसार देखाइएको छ :

### **४.८.१ प्रतिशतका आधारमा भ्याली पब्लिकका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्रतिशतका आधारमा भ्याली पब्लिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.२२**

**भ्याली पब्लिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| कूल विद्यार्थी सङ्ख्या | ०- २०% अङ्क ल्याउने | | २१-४०% अङ्क ल्याउने | | ४१-६०% अङ्क ल्याउने | | ६१-८०% अङ्क ल्याउने | | ८१-१००% अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. |
| १० | ० | ० | ० | ० | ४ | ४० | ५ | ५० | १ | १० |

माथि दिइएको तालिकामा रुकुम जिल्लाका पाँच वटा संस्थागत विद्यालय मध्ये भ्याली पब्लिक विद्यालयका कक्षा नौमा अध्ययनरत पाँच जना छात्र र पाँच जना छात्रा गरी जम्मा १० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको प्रतिशताङ्क देखाइएको छ । जसमा प्रतिशतका आधारमा पाँचवटा श्रेणी विभाजन गरिएको छ । जस अन्तर्गत निम्नतम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र प्रतिशत पनि ० नै रहेको छ । त्यस्तै गरी निम्न अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र प्रतिशत पनि ० नै रहेको छ भने मध्यम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४ र प्रतिशत ४० रहेको छ । त्यसैगरी उच्च अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ र प्रतिशत ५० रहेको छ भने उच्चतम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ र प्रतिशत १० रहेको छ ।

यसरी माथिको नतिजाको विश्लेषण सबै भन्दा तल्लो श्रेणीमा ० प्रतिशत र माथिल्लो श्रेणीमा १० प्रंतिशत विद्यार्थीहरू रहेका छन् । उच्च र मध्य श्रेणीमा क्रमश ४० र

५० प्रतिशत विद्यार्थीहरू रहेको हुँदा भ्याली पब्लिकका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति राम्रो देखिन्छ ।

### ४.८.२ भ्याली पब्लिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कको आधारमा भ्याली पब्लिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.२३**

**भ्याली पब्लिकका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०–२० | ० | १५ | ० |
| २०–३० | २ | २५ | ५० |
| ३०–४० | ३ | ३५ | १०५ |
| ४०–५० | ५ | ४५ | २२५ |
| ५०–६० | ० | ५५ | ० |
| जम्मा | N= १० | | Σfm = ३८० |

मध्यमान ( $\bar{x}$) $= \frac{\Sigma fx}{N}$

$= \frac{३८०}{१०}$

= ३१ उत्तर

उपयुक्त तालिकालाई विश्लेषण गर्दा भ्याली पब्लिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमान ३८ रहेको छ । जनु मध्यमान ३०-४० को वर्गान्तरमा रहेको छ । त्यसैले विद्यार्थीहरूको सिकाइ उपलब्धि ३८ रहेको तथ्य यस तालिकाले देखाउँदछ ।

### ४.८.३ मध्यमानका आधारमा भ्याली पब्लिका विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त मध्यमानका आधारमा भ्याली पब्लिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.२४**

**मध्यमानका आधारमा भ्याली पब्लिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**


| कूल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १० | ३८ | ६ | ६० | ४ | ४० |

उपर्युक्त तालिका अनुसार रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत भ्याली पब्लिका विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ३८ रहेको छ । माथि दिइएको मध्यमानलाई आधार मानी हेर्दा जम्मा १० जना विद्यार्थीहरूको मध्यमान भन्दा माथि बुँदाटिपोट क्षमता रहेका विद्यार्थी सङ्ख्या ६ जना रहेका छन्भने मध्यमान भन्दा तल बुँदाटिपोट क्षमता रहेका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको सङ्ख्या ४ जना रहेका छन् । प्रतिशतका आधारमा मध्यमान भन्दा माथि ६० प्रतिशत र मध्यमान भन्दा तल ४० प्रतिशत विद्यार्थीहरू रहेका छन् । यसरी मध्यमानको आधारमा हेर्दा मध्यमान भन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या धेरै र मध्यमान भन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या थोरै भएकाले भ्याली पब्लिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो देखिन्छ ।

### ४.७.४ स्तम्भ चित्रका आधारमा भ्याली पब्लिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

चित्र नं. ४.८

भ्याली पब्लिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति




माथि दिइएको स्तम्भ चित्रलाई विश्लेषण गर्दा रुकुम जिल्लाका संस्थागत विद्यालयहरू मध्ये भ्याली पब्लिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सबै भन्दा कम ०-२० प्रतिशत र २१-४० प्रतिशतमा कुनै पनि विद्यार्थीहरू नरहेको देखिन्छ भने ४१-६० प्रतिशतमा ४ जना विद्यार्थीहरू रहेका छन् भने ६१-८० प्रतिशतमा ५ जना विद्यार्थीहरू रहेका छन् । त्यसैगरी ८१-१०० प्रतिशतमा एक जना विद्यार्थी रहेको तथ्य यस स्तम्भ चित्रले देखाउँदछ ।

## ४.९ विजयश्वरी बोर्डिङ स्कुलका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्ययनका क्रममा रुकुम जिल्लाका पाँचवटा संस्थागत विद्यालयहरूमध्ये विजयश्वरी बोर्डिङ पनि नमुना छनोटमा परेको छ । उक्त विद्यालय बाट पाँच जना छात्र र पाँच जना छात्र गरी जम्मा १० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ । प्रस्तुत तथ्याङ्कको परिमाण छलफल प्रतिशत मध्यमान र स्तम्भ चित्रका आधारमा निम्नानुसार देखाइएको छ :

### ४.९.१ प्रतिशतका आधारमा विजयश्वरी बोर्डिङ विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्क बाट प्राप्त प्रतिशतका आधारमा विजयश्वरी बोर्डिङ विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.२५**

**विजयश्वरी बोर्डिङका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| कूल विद्यार्थी सङ्ख्या | ०- २०% अङ्क ल्याउने | | २१-४०% अङ्क ल्याउने | | ४१-६०% अङ्क ल्याउने | | ६१-८०% अङ्क ल्याउने | | ८१-१००% अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. |
| १० | ० | ० | ० | ० | ३ | ३० | ६ | ६० | १ | १० |

प्रस्तुत तालिकामा रुकुम जिल्लाका पाँचवटा संस्थागत विद्यालय मध्ये विजयश्वरी बोर्डिङमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई प्रस्तुत गरिएको छ । जसमा नमुनाका रूपमा पाँच जना छात्र र पाँच जना छात्रा गरी जम्मा १० जना विद्यार्थीहरू रहेका छन् । उक्त विद्यार्थीहरूको प्राप्ताङ्कको नतिजालाई प्रतिशतका आधारमा पाँच श्रेणीको विभाजन गरिएको छ । जसमा ०-२० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० रहेका छन् । त्यसैगरी २१-४० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या पनि ० रहेका छन् भने ४१-६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३ प्रतिशत ३० रहेको छ त्यसैगरी ६१-८० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६ र प्रतिशत ६० रहेको छ भने ८१-१०० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ र प्रतिशत १० रहेको छ ।

यसरी यस तालिकामा सबै भन्दा कम ०-४० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या कुनै पनि नरहेका देखिन्छ भने सबैभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या उच्च श्रेणीमा रहेका हुँदा विजयश्वरी बोर्डिङका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो देखिन्छ ।

### ४.९.२ विजयश्वरी बोर्डिङका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कको आधारमा विजयश्वरी बोर्डिङका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२६**

**विजयश्वरी बोर्डिङका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०-२० | ० | १५ | ० |
| २०-३० | १ | २५ | २५ |
| ३०-४० | ५ | ३५ | १७५ |
| ४०-५० | २ | ४५ | ९० |
| ५०-६० | २ | ५५ | ११० |
| जम्मा | N= १० | | $\Sigma$fm = ४०० |

मध्यमान ( $\bar{x}$) $= \frac{\Sigma fx}{N}$

$= \frac{४००}{१०}$

= ४० उत्तर

माथिको तालिका अनुसार रुकुम जिल्लाका संस्थागत विद्यालयका पाँचवटा विद्यालयहरूमध्ये विजयश्वरी बोर्डिङका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमान ४० रहेको छ । जुन मध्यमान ४०-५० को वर्गान्तरणमा रहेको पाइन्छ । जस अनुसार विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको सिकाइ उपलब्धि स्तर ४० रहेको तथ्य यस तालिकाले देखाउँदछ ।

### ४.९.३ मध्यमानका आधारमा विजयश्वरी बोर्डिङका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त मध्यमानका आधारमा विजयश्वरी बोर्डिङका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.२७**

**विजयश्वरी बोर्डिङका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**


| कूल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १० | ४० | ४ | ४० | ६ | ६० |

यसरी माथिको तालिका अनुसार रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विजयश्वरी बोर्डिङका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको प्राप्ताङ्कको मध्यमान ४० रहेको छ । यसरी मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि बुँदाटिपोट क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४ र प्रतिशत ४० रहेको छ भने मध्यमान भन्दा तल बुँदाटिपोट क्षमताभएका विद्यार्थीहरूको सङ्ख्या ६ र प्रतिशत ६० रहेको तथ्य यस तालिकाले देखाउँदछ । तसर्थ मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या थोरै र मध्यमान भन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या धेरै भएको हुँदा विजयश्वरी बोर्डिङका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सन्तोषजनक देखिदैन । त्यसैले यस विद्यालयका विद्यार्थीहरूलाई लेखन कला सिप विकासका लागि विभिन्न लेखन सिपका कार्यकलापहरू बनाउनु आवश्यकय देखिन्छ ।

### ४.९.४ स्तम्भ चित्रका आधारमा विजयश्वरी बोर्डिङ स्कुलका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

चित्र नं. ४.९

विजयश्वरी बोर्डिङ स्कुलका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति




उपर्युक्त तालिकालाई विश्लेषण गर्दा रुकुम जिल्लाको विजयश्वरी बोर्डिङमा कक्षा नौमा अध्ययनरत जम्मा १० जना विद्यार्थीहरू छनोटमा परेका मध्ये बुँदाटिपोट क्षमतामा सबै भन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६१-८०% को बिचमा ६ जना विद्यार्थीहरू रहेको छ ।

## ४.१० चौरजहारी एकेडेमीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्ययनका क्रममा रुकुम जिल्लाका पाँच वटा संस्थागत विद्यालयहरू मध्ये चौरजहारी एकेडेमी पनि छनोटमा परेको थियो । उक्त विद्यालयबाट पाँच जना छात्र र पाँच जना छात्रा गरी जम्मा १० जना विद्यार्थीहरू बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ । प्रस्तुत तथ्याङ्कको परिमाण, छलफल, मध्यमान, प्रतिशत र स्तम्भ चित्रका आधार निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.१०.१ प्रतिशतका आधारमा चौरजहारी एकेडेमीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्रतिशतका आधारमा चौरजहारी एकेडेमीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.२८**

**चौरजहारी एकेडेमीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| कूल विद्यार्थी सङ्ख्या | ०- २०% अङ्क ल्याउने | | २१-४०% अङ्क ल्याउने | | ४१-६०% अङ्क ल्याउने | | ६१-८०% अङ्क ल्याउने | | ८१-१००% अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. |
| १० | ० | ० | २ | २० | २ | २० | ५ | ५० | १ | १० |

माथि दिइएको तालिकामा रुकुम जिल्लाका पाँचवटा संस्थागत विद्यालयमध्ये चौरजहारी एकेडेमी पनि छनोटमा परेको थियो । जसमा पाँच जना छात्र र पाँच जना छात्रा थरी जम्मा १० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई देखाइएको छ । जसमा विद्यार्थीहरूको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा पाँचवटा श्रेणीमा विभाजन गरिएको छ । जसअनुसार ०-२० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र प्रतिशत पनि ० नै रहेको छ । त्यसैगरी २१-४० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ र प्रतिशत २० रहेको छ । त्यसैगरी ४१-६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ र प्रतिशत पनि २ नै रहेको छ । त्यसै गरी ६१-८० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ र प्रतिशत ५० रहेको छ भने ८१-१०० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ र प्रतिशत १० रहेको छ ।

यसरी प्रस्तुत तालिका अनुसार सबै भन्दा तल्लो श्रेणीमा कुनै पनि विद्यार्थीहरू नरहेको देखाउँदछ भने मध्य उच्च र उच्चतम श्रेणीमा सबै भन्दा बढी विद्यार्थीहरू रहेका छन् भने सबै भन्दा बढी विद्यार्थी सङ्ख्या ६१-८० को वर्गान्तरमा ५ जना रहेका हुँदा चौरजहारी एकेडेमीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति राम्रो देखिन्छ ।

### ४.१०.२ चौरजहारी एकेडेमीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कको आधारमा चौरजहारी एकेडेमीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.२९**

**चौरजहारी एकेडेमीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०-२० | ० | १५ | ० |
| २०-३० | ४ | २५ | १०० |
| ३०-४० | १ | ३५ | ३५ |
| ४०-५० | ४ | ४५ | १८० |
| ५०-६० | १ | ५५ | ५५ |
| जम्मा | N= १० | | $\Sigma$fm = ३७० |

$$\text{मध्यमान } (\bar{x}) = \frac{\Sigma fx}{N}$$

$$= \frac{३७०}{१०}$$

$$= ३७ \text{ उत्तर}$$

उपर्युक्त तालिका आधारमा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत चौरजहारी एकेडेमीका जम्मा १० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको औसत मध्यमानको अवस्था ३७ रहेको छ । मध्यमान ३०-४० को वर्गान्तरको विचमा रहेको छ । त्यसैले चौरजहारी एकेडेमीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको सिकाइ उपलब्धि ३७ प्रतिशत भएको तथ्य यस तालिकाले देखाउँदछ ।

### ४.१०.३ मध्यमानका आधारमा चौरजहारी एकेडेमीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययनको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त मध्यमानका आधारमा चौरजहारी एकेडेमीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.३०**

**चौरजहारी एकेडेमीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| कूल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १० | ३७ | ६ | ६० | ४ | ४० |


माथिको तालिका अनुसार रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत चौरजहारी एकेडेमीका विद्यार्थीहरूले बुँदाटिपोट क्षमतामा प्राप्त गरेका प्राप्ताङ्कको मध्यमान ३७ रहेको छ । माथि दिइएको मध्यमानलाई आधार मानी हेर्दा जम्मा १० जना विद्यार्थीहरूमा मध्यमान भन्दा माथि बुँदाटिपोट क्षमता रहेका विद्यार्थीहरूको सङ्ख्या ६ जना र मध्यमान भन्दा तल बुँदाटिपोट क्षमता रहेका विद्यार्थीहरूको सङ्ख्या ४ जना छन् । प्रतिशतका आधारमा मध्यमान भन्दा माथि ६० प्रतिशत विद्यार्थीहरू रहेका छन् भने मध्यानभन्दा तल ४० प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

यसरी मध्यमानको आधारमा हेर्दा मध्यमान भन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या धेरै र मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या थोरै भएको हुँदा चौरजहारी एकेडेमीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति राम्रो देखिन्छ ।

### ४.१०.४ स्तम्भ चित्रका आधारमा चौरजहारी एकेडेमीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

चित्र नं. ४.१०

चौरजहारी एकेडेमीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति




माथि दिइएको स्तम्भ चित्रलाई विश्लेषण गर्दा चौरजहारी एकेडेमी कक्षा नौमा अध्ययनरत जम्मा १० जना विद्यार्थीहरू छनोटमा परेका मध्ये बुँदाटिपोट क्षमतामा सबै भन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६१-८० को वर्गान्तरको बिचमा रहेका छन् । जसमा ५ जना विद्यार्थीहरू रहेका छन् ।

## ४.११ न्यु मुनलाईट बोर्डिङ स्कुलका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्ययनका क्रममा रुकुम जिल्लाका पाँचवटा स्थागत विद्यालयहरू मध्ये न्यु मुनलाईट बोर्डिङ स्कुल पनि नमुना छनोटमा परेको थियो । उक्त विद्यालयबाट पाँच जना छात्र र पाँच जना छात्रा गरी जम्मा १० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ । प्रस्तुत तथ्याङ्कको परिमाण छलफल प्रतिशत मध्यमान र स्तम्भ चित्रका आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.११.१ प्रतिशत आधारमा न्यु मुनलाईट बोर्डिङ स्कुलका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्रतिशतका आधारमा न्यु मुनलाईट बोर्डिङ स्कुलका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.३१**

**न्यु मुनलाईट बोर्डिङ स्कुलका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| कूल विद्यार्थी सङ्ख्या | ०- २०% अङ्क ल्याउने | | २१-४०% अङ्क ल्याउने | | ४१-६०% अङ्क ल्याउने | | ६१-८०% अङ्क ल्याउने | | ८१-१००% अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. | स. | प्र. |
| १० | ० | ० | १ | १० | ५ | ५० | ३ | ३० | १ | १० |

माथि दिइएको तालिकामा रुकुम जिल्लाका पाँचवटा संस्थागत विद्यालयमध्ये न्यु मुनलाईट बोर्डिङ जम्मा १० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति देखाइएको छ । जसमा विद्यार्थीहरूको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा पाँच श्रेणीमा विभाजन गरिएको छ । जसअनुसार ०-२० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र प्रतिशत पनि ० नै रहेको छ भने २१-४० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ र प्रतिशत १० रहेको छ । ४१-६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ र प्रतिशत ५० रहेको छ भने ६१-८० प्रतिशत सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३ र प्रतिशत ३० रहेको छ भने ८१-१०० प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १ र प्रतिशत १० रहेको छ ।

यसरी प्रस्तुत तालिका अनुसार सबै भन्दा माथिल्लो श्रेणीमा १० प्रतिशत विद्यार्थीहरू रहेका छन् भने सबै भन्दा तल्लो श्रेणीमा कुनै पनि विद्यार्थीहरू नरहेको पाइन्छ भने मध्य र उच्च श्रेणीमा विद्यार्थीहरूको सङ्ख्या बढी हुँदा न्यु मुनलाईट बोर्डिङ स्कुलका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता रामो रहेको पाइयो ।

**४.११.२ न्यु मुनलाईट बोर्डिङ स्कुलका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था**

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्रतिशतका आधारमा न्यु मुनलाईट बोर्डिङका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.३२**

**न्यु मुनलाईट बोर्डिङका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०-२० | १ | १५ | १५ |
| २०-३० | २ | २५ | ५० |
| ३०-४० | ५ | ३५ | १७५ |
| ४०-५० | २ | ४५ | ९० |
| ५०-६० | ० | ५५ | २ |
| जम्मा | N= १० | | Σfm = ३३० |

मध्यमान ( $\bar{x}$) $= \frac{\Sigma fx}{N}$

$= \frac{३३०}{१०}$

= ३३ उत्तर

माथिको तालिकामा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत न्यु मुनलाईट बोर्डिङका जम्मा १० जना विद्यार्थीहरूको बुँदाटिपोट लेखन क्षमताको स्थितिलाई देखाइएको छ । जसको मध्यमान ३३ रहेको छ । ३३ औसत मध्यमान ३०-४० को वर्गान्तरको बिचमा रहेको छ । त्यसैले विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको औसत सिकाइ उपलब्धि ३९ प्रतिशत भएको तथ्य यस तालिकाले देखाउँदछ ।

### ४.११.३ मध्यमानका आधारमा न्यु मुनलाईट बोर्डिङका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थित

सङ्कलित तथ्याङ्कबाट प्राप्त मध्यमानका आधारमा न्यु मुनलाईट बोर्डिङका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा देखाइएको छ।

**तालिका नं. ४.३३**

**मध्यमानका आधारमा न्यु मुनलाईट बोर्डिङका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**


| कूल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १० | ३३ | ५ | ५० | ५ | ५० |

प्रस्तुत तालिकामा रुकुम जिल्लाका पाँच वटा संस्थागत विद्यालयमध्ये न्यु मुनलाईट बोर्डिङका जम्मा १० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा प्राप्त प्राप्ताङ्कको मध्यमान ३३ रहेको छ। यसरी मध्यमानलाई आधार मानी हेर्दा मध्यमान भन्दा माथि बुँदाटिपोट क्षमताभएका विद्यार्थीहरूको सङ्ख्या ५ र प्रतिशत ५० रहेको छ भने मध्यमानभन्दा तल बुँदाटिपोट क्षमताभएका विद्यार्थीहरूको सङ्ख्या ५ र प्रतिशत ५० रहेको छ। तसर्थ मध्यमानभन्दा माथि र तल बराबर विद्यार्थीहरू रहेको हुँदा न्यु मुनलाईट बोर्डिङका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ठिकै भए पनि अझै लेखन कला सम्बन्धि कार्यकलापलाई जोड दिनु पर्दछ।

### ४.११.४ स्तम्भ चित्रका आधारमा न्यु मुनलाईट बोर्डिङका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

चित्र नं. ४.११


न्यु मुनलाईट बोर्डिङका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति




माथि दिइएको स्तम्भ चित्रलाई विश्लेषण गर्दा न्यु मुनलाईट बोर्डिङका जम्मा १० जना विद्यार्थीहरू छनोटमा परेका मध्ये बुँदाटिपोट क्षमतामा सबै भन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ जना रहेका छन् । जुन ४१-६० को वर्गान्तरमा रहेको तथ्य यस तालिकाले देखाउँदछ ।

## ४.१२ वृत्त चित्रका आधारमा १० वटा विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति

प्रस्तुत अध्ययनमा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी जम्मा १० वटा विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको प्राप्ताङ्कलाई वृत्तचित्रमा तल देखाइएको छ ।




माथि दिइएको वृत्त चित्रका आधारमा रुकुम जिल्लाका पाँचवटा संस्थागत र पाँचवटा सामुदायिक विद्यालय गरी जम्मा प्राप्ताङ्कलाई वृत्ताचित्रमा डिग्रीमा देखाइएको छ । जसमा सामुदायिक विद्यालयका विद्यालय अन्तर्गत शी.उ.मा.वि.का विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ३२° रहेको छ । त्यसैगरी मा.वि. खहरेका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ३३° रहेको छ भने हि.मा.वि.का विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ४९° रहेको छ । त्यसैगरी म.उ.मा वि का विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ३४° रहेको छ । त्यसैगरी उ.मा.वि कोटजहारीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ३४° रहेको छ भने संस्थागत विद्यालयकतर्फ सरस्वती हाईस्कुलका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ३०° रहेको छ । त्यसैगरी भ्याली पब्लिकका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ४०° रहेको छ । भने चौरजहारी एकेडेमीका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ३६° रहेको छ । त्यसैगरी विजयश्वरी बोर्डिङका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ४१° रहेको छ । त्यसैगरी न्यु मुनलाईट बोर्डिङका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ३५° रहेको तथ्य यस वृत्त चित्रले देखाएको छ ।

यसरी वृत्त चित्रलाई विश्लेषण गर्दा सामुदायिक विद्यालयहरूमध्ये सबै भन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरू हिमालय माध्यमिक विद्यालयका विद्यार्थीहरू रहेका छन् भने संस्थागत विद्यालयमा सबैभन्दा बढी अङ्क ल्याउने विद्यार्थी विजयश्वरी बोर्डिङका विद्यार्थीहरू रहेका छन् ।

## अध्याय पाँच

# विद्यालयको प्रकृतिका आधारमा बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन

प्रस्तुत अध्ययनमा विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत गरी रुकुम जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी जम्मा १०० वटा विद्यालयलाई आधार बनाइएको छ। जसमा प्रत्येक विद्यालयका १०/१० जना विद्यार्थीका दरले १०० जना विद्यार्थीलाई नमुना छनोटको रूपमा लिइएको छ। यसरी छनोटमा परेका विद्यार्थी र विद्यालयको बुँदाटिपोट क्षमताको परिमाण र विश्लेषण छुट्टाछुट्टै रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ।

## ५.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

यस अध्ययनका लागि रुकुम जिल्लाका पाँचवटा सामुदायिक विद्यालयलाई नमुना छनोट गरिएको छ। जसमा १०/१० जनाका दरले ५० जना विद्यार्थीको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ। प्रस्तुत तथ्याङ्कको परिणाम र छलफल मध्यमान र प्रतिशताङ्कका आधारमा निम्नानुसार देखाएको छ :

### ५.१.१ प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ५.१**

**प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | ०-२० अङ्क ल्याउने | | २१-४० अङ्क ल्याउने | | ४१-६० अङ्क ल्याउने | | ६१-८० अङ्क ल्याउने | | ८१-१०० अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | २ | ४ | ३० | ६० | १३ | २६ | ५ | १० |

माथिको तालिकाअनुसार रुकुम जिल्लाका पाँचवटा सामुदायिक विद्यालयका कक्षा नौमा अध्ययनरत ५० जना विद्यार्थीको बुँदाटिपोट क्षमताको प्रतिशताङ्क देखाइएको छ । जसमा प्रतिशतका आधारमा पाँचवटा श्रेणीमा विभाजन गरिएको छ । जसअनुसार २० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र प्रतिशत ० रहेको छ । त्यसैगरी २१-४० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ र प्रतिशत ४ रहेको छ । त्यसैगरी ४१-६० % अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३० र प्रतिशत ६० रहेको छ । त्यसैगरी ६१-८० % अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १३ र प्रतिशत २६ रहेको छ । ८१-१००% अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ र प्रतिशत १० रहेको छ ।

यसरी सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र सबैभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ रहेको छ । यस तालिकाबाट रुकुम जिल्लाको सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा नौका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति हेर्दा मध्यम र उच्च श्रेणीमा अङ्क ल्याउने विद्यार्थी सङ्ख्या बढी भएको देखिन्छ ।

### ५.१.२ सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था

मध्यमान (X) सामुदायिक विद्यालयका विद्यार्थी

**तालिका नं. ५.२**

**सामुदायिक विद्यालयका विद्यार्थीको मध्यमानको अवस्था**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०-२० | १ | १५ | १५ |
| २०-३० | १८ | २५ | ४५० |
| ३०-४० | २३ | ३५ | ८०५ |
| ४०-५० | ७ | ४५ | ३१५ |
| ५०-६० | १ | ५५ | ५५ |
| जम्मा | N= ५० | | Σfm = १६४० |

मध्यमान ( $\bar{x}$ ) $= \frac{\Sigma fx}{N}$

$$= \frac{१६४०}{५०}$$

= ३२.८ उत्तर

माथिको तालिकाका आधारमा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत सामुदायिक विद्यालयका ५० जान विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको औसत अवस्था ३२.८ रहेको छ । मध्यमान ३०-४० को वर्गान्तरको विचमा रहेको छ । त्यसैले सामुदायिक विद्यालयका विद्यार्थीहरूको सिकाइ उपलब्धि ३२.८ प्रतिशत भएको तथ्य यस तालिकाको देखाउँदछ ।

### ५.१.३ मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ५.३**

**मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| कूल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३२.८ | ३० | ६० | २० | ४० |


माथिको तालिकाको आधारमा रुकुम जिल्लाका सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ३२.८ रहेको छ । यसरी मध्यमानलाई आधार मानी हेर्दा जम्मा ५० जना विद्यार्थीमा मध्यमानभन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३० र प्रतिशत ६० रहेको छ भने मध्यमानभन्दा तल प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० र प्रतिशत ४० रहेको देखिन्छ । यसरी मध्यमानभन्दा

बढी अङ्क ल्याउने सङ्ख्या बढी र कम अङ्क ल्याउने सङ्ख्या कम भएकोले रुकुम जिल्लाका सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ठिकै भएको देखिन्छ।

### **५.१.४ स्तम्भ चित्रका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

**स्तम्भ चित्र नं. ५.१**

**सामुदायिक विद्यालयका विद्यार्थीहरको बुँदाटिपोट क्षमताको स्थिति**




माथि दिइएको स्तम्भ चित्रका आधारमा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत पाँचवटा सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमतालाई देखाएको छ । जसमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको सबैभन्दा बढी सङ्ख्या ४१-६० को वर्गान्तरको बिचमा ३० रहेको छ भने सबैभन्दा कम ०-२० को वर्गान्तरमा रहेको छ । जसका ४१-६० को  वर्गान्तरमा ३० जना विद्यार्थीको बुँदाटिपोट क्षमताको औसत सिकाइ उपलब्धि ठिकै भएको देखिन्छ।

## ५.२ संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा रुकुम जिल्लाका पाँचवटा संस्थागत विद्यालयलाई नमुनाका रूपमा छानिएको छन् जसमा ती पाँचवटा विद्यालयका १०/१० जना विद्यार्थीका दरले ५० जना विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति निम्नानुसार रहेको छ :

### ५.२.१ प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ५.४**

**प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | ०-२० अङ्क ल्याउने | | २१-४० अङ्क ल्याउने | | ४१-६० अङ्क ल्याउने | | ६१-८० अङ्क ल्याउने | | ८१-१०० अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | ५ | १० | २० | ४० | २० | ४० | ५ | १० |

माथि दिइएको तालिकामा रुकुम जिल्लाका पाँचवटा संस्थागत विद्यालयमा अध्ययनरत जम्मा ५० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई देखाएको छ । जसमा विद्यार्थीहरूको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा पाँच श्रेणीमा विभाजन गरिएको छ । जसमा ०-२०% अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र प्रतिशत ० रहेको छ । त्यस्तैगरी २१-४०% अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ र प्रतिशत १० रहेको छ । त्यसैगरी ४१-६० % अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० र प्रतिशत ४० रहेको छ । त्यसैगरी ६१-८० % अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० र प्रतिशत ४० रहेको छ भने ८१- १०० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ र प्रतिशत १० रहेको छ ।

यसरी प्रस्तुत तालिकाअनुसार सबैभन्दा बढी अङ्क ल्याउने ४१-६० को वर्गान्तरमा रहेको छ भने सबैभन्दा कम ल्याउने ०-२० को वर्गान्तरमा रहेको छ । सबैभन्दा माथिल्लो श्रेणीमा १० प्रतिशत विद्यार्थी र सबैभन्दा तल्लो श्रेणीमा विद्यार्थीहरू नरहेको र मध्य र उच्च श्रेणीमा विद्यार्थी सङ्ख्या बढी रहेको देखिन्छ । त्यसैले रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सन्तोषजनक नै रहेको पाइन्छ ।

### ५.२.२ संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था

मध्यमान (X) संस्थागत विद्यालयका विद्यार्थी

**तालिका नं. ५.५**

**संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०-२० | ३ | १५ | ४५ |
| २०-३० | १२ | २५ | ३०० |
| ३०-४० | १७ | ३५ | ५९५ |
| ४०-५० | १४ | ४५ | ६३० |
| ५०-६० | ४ | ५५ | २२० |
| जम्मा | N= ५० | | Σfm = १७९० |

मध्यमान ( $\bar{x}$) $= \frac{\Sigma fx}{N}$

$= \frac{१७९०}{५०}$

= ३५.८ उत्तर

उपर्युक्त तालिकाका आधारमा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको औसत अवस्था ३५.८ रहेको छ । ३५.८ औसत मध्यमान ३०-४० को वर्गान्तरमा रहेको छ । त्यसैले संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको सिकाइ उपलब्धि स्तर ३५.८ प्रतिशत भएको तथ्य यस तालिकाले देखाउँदछ ।

### ५.२.३ मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ५.६**

**मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति**


| कूल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३५.८ | २५ | ५० | २५ | ५० |

माथिको तालिकाको आधारमा रुकुम जिल्लाका संस्थागत विद्यालयका विद्यार्थीहरूले बुँदाटिपोट क्षमतामा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ३५.८ रहेको छ । यसरी मध्यमानलाई आधार मानी हेर्दा जम्मा ५ जना विद्यार्थीमा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २५ र प्रतिशत ५० रहेको छ भने मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २५ र प्रतिशत ५० रहेको छ । त्यसैले मध्यमानभन्दा बढी र कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या बराबर रहेको पाइन्छ त्यसैले संस्थागत विद्यालयका विद्यार्थीहरूले बुँदाटिपोट क्षमताको कार्यकलापलाई बढी गराउनु आवश्यक देखिन्छ ।

## ५.२.४ स्तम्भ चित्रका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

स्तम्भ चित्र नं. ५.२

स्तम्भ चित्रका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति




माथि दिइएको स्तम्भ चित्रका आधारमा विश्लेषण गर्दा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत पाँचवटा संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमतालाई देखाएको छ। जसमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको सबैभन्दा बढी सङ्ख्या ४१-८० को वर्गान्तरमा रहेको पाइन्छ। सबैभन्दा कम ० -२० को वर्गान्तरमा ० सङ्ख्या रहेको पाइन्छ। जुन स्तम्भचित्रलाई हेर्दा विद्यार्थीहरूको सिकाइ उपलब्धि सन्तोषजनक नै देखिन्छ।

## ५.३ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू बिचको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति

सङ्कलित तथ्याङ्कका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट लेखन क्षमतालाई निम्नानुसारको तालिकामा तुलनात्मक रूपमा देखाइ विश्लेषण गरिएको छ :

**तालिका नं. ५.७**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू बिचको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति**

| कूल विद्यार्थी सङ्ख्या | विद्यालयको प्रकृति | सङ्ख्या | ०-२० अङ्क ल्याउने | | २१-४० अङ्क ल्याउने | | ४१-६० अङ्क ल्याउने | | ६१-८० अङ्क ल्याउने | | ८१-१०० अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| | सामुदायिक विद्यालय | ५० | ० | ० | २ | ४ | ३० | ६० | १३ | २६ | ५ | १० |
| १०० | संस्थागत विद्यालय | ५० | ० | ० | ५ | १० | २० | ४० | २० | ४० | ५ | १० |


माथिको तालिकालाई विश्लेषण गर्दा रुकुम जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूमध्ये ५० जना सामुदायिक र ५० जना संस्थागत विद्यालयका विद्यार्थीहरू रहेका छन् । जसमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट लेखन क्षमताको तुलना गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरू ०-२० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र प्रतिशत पनि ० नै रहेको छ। २१-४० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ जना र प्रतिशत ४ रहेको छ। त्यसैगरी ४१-६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३० र प्रतिशत ६० रहेको छ । त्यसैगरी ६१-८० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १३ र प्रतिशत २६ रहेको छ भने ८१-१०० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ र प्रतिशत १० रहेको देखिन्छ भने संस्थागत विद्यालयतर्फ ०-२० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र २१-४० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ र प्रतिशत १० छ । ४१-६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० र प्रतिशत ४० रहेको छ ६१-८० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २०

र प्रतिशत ४० रहेको छ । ८० भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ र प्रतिशत १० रहेको तथ्य यस तालिकाले देखाउँदछ ।

### ५.३.१ स्तम्भ चित्रका आधारमा समग्र सामुदायिक संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति

**स्तम्भ चित्र नं. ५.३**

**समग्र सामुदायिक संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**




माथि दिइएको स्तम्भ चित्रलाई विश्लेषण गर्दा रुकुम जिल्लाका समग्र सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूमध्ये सामुदायिक विद्यालयका सबैभन्दा बढी अङ्क ल्याउने ४०-६० को वर्गान्तरमा ३० जना रहेका छन् भने सबैभन्दा कम अङ्क ल्याउने ०-२० को वर्गान्तरमा कुनै पनि विद्यार्थी नरहेको देखिन्छ । त्यस्तैगरी संस्थागत विद्यालयमा सबैभन्दा बढी अङ्क ल्याउने ६१-८० को वर्गान्तरमा २० जना रहेको देखिन्छ । सबैभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ०-२० को वर्गान्तरमा रहेका छन् । त्यसैगरी २१-४० को बिचमा ५ जना रहेका छन् भने ४१-६० को बिचमा ३० र २० र ८१-१०० को बिचमा ५/५ जना विद्यार्थीहरू रहेका छन् ।

## ५.३.२ समग्र मध्यमानका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति

तालिका नं. ५.८

**समग्र मध्यमानका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | विद्यालयको प्रकृति | समग्र | | मध्यमान | मध्यमानभन्दा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | मध्यमान | | माथि | | तल | |
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | सामुदायिक विद्यालय | ५० | ३४.२ | ३२.८ | ३० | ६० | २० | ४० |
| | संस्थागत विद्यालय | ५० | | ३५.८ | २५ | ५० | २५ | ५० |

माथि दिइएको तालिकाअनुसार विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयहरूका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति देखाएको छ । जसमा रुकुम जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी १० वटा विद्यालयहरूलाई नमुनाको रूपमा लिइएको छ । प्रत्येक विद्यालयबाट ५०/५० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमता देखाइएको छ । तसर्थ यस तालिकाअनुसार यहाँ १०० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ३४.२ रहेको छ भने सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान छुट्टाछुट्टै देखाएको छ जसमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ३२.८ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ३५.८ रहेको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूले बुँदाटिपोट क्षमतामा मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३० रहेको छ भने मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० रहेको छ ।

त्यस्तै संस्थागत विद्यालयका विद्यार्थीहरूले बुँदाटिपोट क्षमतामा मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २५ रहेको छ भने मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी संङ्ख्या २५ रहेको छ । तसर्थ दुवै विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता तुलना गरेर हेर्दा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूले मध्यमानभन्दा बढी अङ्क ल्याउने ३.८ ले बढी भएकाले धेरै फरक नभएको देखिन्छ ।

यसरी सामुदायिक र संस्थागत विद्यालयको समग्र मध्यमानलाई आधार मानेर तयार पारिएको तथ्याङ्कलाई हेर्दा र विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीको समुह मध्यमानभन्दा तलको सङ्ख्या कम र मध्यमानभन्दा माथिको सङ्ख्या बढी भएकाल बुँदाटिपोट क्षमताको यस नतिजालाई सन्तोषजनक नै मान्न सकिन्छ । संस्थागत विद्यालयका विद्यार्थीको सङ्ख्या मध्यमानभन्दा तलको र मध्यमानभन्दा माथिको सङ्ख्या बराबर भएकाले बुँदाटिपोट क्षमताको यस नतिजालाई ठिकै मानेपनि संस्थागत विद्यालयमा बुँदाटिपोट सम्बन्ध कार्यकलापहरू बढी गराउनु पर्ने आवश्यक देखिन्छ ।

समग्रमा के भन्न सकिन्छ भने विद्यालयको दृष्टिका आधारमा रुकुम जिल्लाका सामुदायिक र संस्थागत विद्यलायका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरू बुँदाटिपोट लेखन क्षमतामा सबल रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

### ५.३.३ वृत्त चित्रका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई देखाइएको छ । जसमा सामुदायिक विद्यालयमा ५० जना विद्यार्थीहरूले पाएको कुल प्राप्ताङ्क १७१९ रहेको छ भने सस्थागत विद्यालयका विद्यार्थीहरूले पाएको कुल प्राप्ताङ्क १८०७ रहेको छ । उक्त प्राप्ताङ्कलाई तल वृत्त चित्रमा देखाइएको छ ।

**(क) सामुदायिक विद्यालयमा विद्यार्थी**

$$\frac{\text{सामुदायिक विद्यालयका विद्यार्थीको कुल प्राप्ताङ्क}}{\text{सामुदायिक + संस्थागतको कुल प्राप्ताङ्क}} \times ३६०^\circ$$

$$= \frac{१७१९}{३५२५} \times ३६०^\circ$$

$= \frac{६१८८४०}{३५२५}$

= १७५.५५ डिग्री

(ख) **सस्थागत**

$\frac{\text{संस्थागत विद्यालयका विद्यार्थीको कुल प्राप्ताङ्क}}{\text{सामुदायिक + संस्थागत विद्यालयका विद्यार्थीहरुको कुल प्राप्ताङ्क}} \times ३६०^\circ$


$= \frac{१८०७}{३५२५} \times ३६०^\circ$

$= \frac{६५०५२०}{३५२५}$

= १८४.५४ डिग्री

### ५.३.४ वृत्त चित्रका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति

सङ्कलित तथ्याङ्कको आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको वृत्त चित्रमा देखाइएको छ :



माथि दिइएको वृत्तचित्रका आधारमा रुकुम जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका जम्मा १० वटा विद्यालयबाट नमुना छनोट गरिएको थियो । जसमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको कुल प्राप्ताङ्कलाई डिग्रीमा देखाइएको छ । जसअनुसार सामुदायिक विद्यालयका समग्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमता १७५.५५° रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता १८४.५४° रहेको छ ।

यसरी यस वृत्त चित्रलाई विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति राम्रो देखिन्छ ।

## अध्याय छ

# लैङ्गिकताका आधारमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा रुकुम जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्न विद्यार्थीहरूलाई छात्र-छात्रामा विभाजन गरिएको छ । जसमा १०० जना विद्यार्थीहरूमा ५० जना छात्र र ५० जना छात्रा रहेका छन् । प्रस्तुत अध्ययनमा लैङ्गिकताका दृष्टिकोणले बुँदाटिपोट क्षमताको स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## ६.१ छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा रुकुम जिल्लाका सामुदायिक र संस्थागत गरी जम्मा १० वटा विद्यालयका जम्मा १०० जना विद्यार्थीमा ५० जना छात्र छानिएका छन् । जसमा कक्षा नौमा अध्ययनरत छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति प्रतिशताङ्क मध्यमान र स्तम्भ चित्रका आधारमा निम्नानुसार देखाइएको छ :

### ६.१.१ प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ६.१**

**प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | ०-२० अङ्क ल्याउने | | २१-४० अङ्क ल्याउने | | ४१-६० अङ्क ल्याउने | | ६१-८० अङ्क ल्याउने | | ८१-१०० अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | ४ | ८ | २२ | ४४ | १९ | ३८ | ५ | १० |

प्रस्तुत तालिकामा रुकुम जिल्लाका सामुदायिक संस्थागत गरी १० वटा विद्यालयका कक्षा नौमा अध्ययनरत जम्मा ५० जना छात्रहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई प्रस्तुत गरिएको छ । जसमा विद्यार्थीहरूलाई प्राप्ताङ्कको प्रतिशतका आधारमा पाँचवटा श्रेणीमा विभाजन गरिएको छ । जसअनुसार ०-२०% सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र प्रतिशत ० रहेको छ । त्यस्तैगरी २१-४०% सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४ र प्रतिशत ८ रहेको छ । त्यस्तैगरी ४१-६०% सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २२ र प्रतिशत ४४ रहेको छ । त्यस्तैगरी ६१-८०% सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १९ र प्रतिशत ३८ रहेको छ भने ८१-१००% अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ र प्रतिशत १० रहेको छ ।

यसरी तालिकाअनुसार सबैभन्दा माथिल्लो श्रेणीमा १० सबै भन्दा तल्लो श्रेणीमा ० प्रतिशत विद्यार्थीहरू रहेका छन् भने मध्य र उच्च श्रेणीमा विद्यार्थीहरूको सङ्ख्या सबैभन्दा बढी रहेको छ । तसर्थ रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत छात्र विद्यार्थीको बुँदाटिपोट क्षमता सन्तोषजनक नै देखिन्छ ।

### ६.१.२ छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कको आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ६.२**

**छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०–२० | २ | १५ | ३० |
| २०–३० | १६ | २५ | ४०० |
| ३०–४० | १८ | ३५ | ६३० |
| ४०–५० | १२ | ४५ | ५४० |
| ५०–६० | २ | ५५ | ११० |
| जम्मा | N= ५० | | Σfm =१७१० |

मध्यमान ( $\bar{x}$) $= \frac{\Sigma fx}{N}$

$= \frac{१७१०}{५०}$

= ३४.२ उत्तर

माथिको तालिकामा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत जम्मा १०० जना विद्यार्थीहरूमध्ये ५० जना छात्रहरूको बुँदाटिपोट लेखन क्षमताको स्थितिलाई देखाएको छ । जसको मध्यमान ३४.२ रहेको छ । ३४.२ औसत मध्यमान ३१-६० को वर्गान्तरको बिचमा रहेको छ । छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको औसत सिकाइ उपलब्धि ३४.२ प्रतिशत भएको तथ्य यस तालिकाले देखाउँदछ ।

### ६.१.३ मध्यमानका आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त मध्यमानका आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ६.३**

**मध्यमानका आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| कूल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३४.२ | २९ | ५८ | २१ | ४२ |


प्रस्तुत तालिकामा रुकुम जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी जम्मा १० वटा विद्यालयका ५० जना छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ३४.२ रहेको छ । यसरी मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २९ र प्रतिशत ५८ रहेको छ भने मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २१ र प्रतिशत ४२ रहेको छ । तसर्थ

मध्यमानभन्दा माथि प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या धेरै मध्यमानभन्दा तल प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या कम भएकाले रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत छात्र विद्यार्थीहरूको बुँदाटिपोट लेखन क्षमता राम्रो देखिन्छ ।

### ६.१.४ स्तम्भ चित्रका आधारमा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

**चित्र नं. ६.१**

**छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**




माथि दिइएको स्तम्भ चित्रलाई विश्लेषण गर्दा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत जम्मा ५० जना विद्यार्थीहरूको छनोटमा परेका मध्ये बुँदाटिपोट क्षमतामा ०-२० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० रहेको छ, त्यसैगरी २१-४० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४ रहेको छ । त्यसैगरी ४१-६० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २२ रहेको छ । त्यसैगरी ६१-८० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १९ रहेको छ भने ८१-१०० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ रहेको तथ्य यस स्तम्भ चित्रले देखाउँदछ ।

## ६.२ छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा रुकुम जिल्लाका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयका कक्षा नौमा अध्ययनरत १०० जना विद्यार्थीहरू मध्येबाट ५० जना छात्रालाई नमुनाको रूपमा छानिएको छ । यसरी छनोटमा परेमा कक्षा नौमा अध्ययनरत छात्राहरूको बुँदाटिपोट क्षमताको स्थिति निम्नानुसार रहेको छ :

### ६.२.१ प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ६.४**

**प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**

| कुल विद्यार्थी सङ्ख्या | ०-२० अङ्क ल्याउने | | २१-४० अङ्क ल्याउने | | ४१-६० अङ्क ल्याउने | | ६१-८० अङ्क ल्याउने | | ८१-१०० अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | ४ | ८ | २९ | ५८ | १५ | ३० | २ | ४ |

प्रस्तुत तालिकामा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति प्रस्तुत गरिएको छ । जसमा नमुनाका रूपमा ५० जना छात्रा रहेका छन् विद्यार्थीहरूलाई प्राप्ताङ्कको प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । जसअनुसार ०-२० % सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० र प्रतिशत पनि ० नै रहेको छ । त्यस्तैगरी २१-४०% अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४ र प्रतिशत ८ रहेको छ । त्यस्तै ४१-६० % सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २९ र प्रतिशत ५८ रहेको छ । त्यसैगरी ६१-८०% सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १५ र प्रतिशत ३० रहेको छ भने ८१-१००% सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ र प्रतिशत ४ रहेको छ ।

यसरी यस तालिकाअनुसार सबैभन्दा माथिल्लो श्रेणीमा २ र प्रतिशत ४ विद्यार्थीहरू रहेका छन् भने सबैभन्दा तल्लो श्रेणीमा ० र प्रतिशत पनि ० नै रहेको छ । मध्य र उच्च श्रेणीमा विद्यार्थी सङ्ख्या बढी भएकाले रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ठिकै रहेको तथ्य यस तालिकाले देखाउँदछ ।

### ६.२.२ छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कका आधारमा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ६.५**

**छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमानको अवस्था**

| प्राप्ताङ्क (X) | आवृत्ति (f) | मध्यविन्दु (m) | fm |
|---|---|---|---|
| १०–२० | २ | १५ | ३० |
| २०–३० | १५ | २५ | ३७५ |
| ३०–४० | २१ | ३५ | ७३५ |
| ४०–५० | १० | ४५ | ४५० |
| ५०–६० | २ | ५५ | ११० |
| जम्मा | N= ५० | | $\Sigma$fm = १७०० |

मध्यमान ( $\bar{x}$) $= \frac{\Sigma fx}{N}$

$= \frac{१७००}{५०}$

= ३४ उत्तर

माथि दिइएको तालिकालाई विश्लेषण गर्दा कुल ५० जना छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको मध्यमान औसत अवस्था ३४ देखिन्छ । ३४ औसत मध्यमान ३०-४०

को वर्गान्तरको बिचमा रहेको छ । जसअनुसार छात्रा विद्यार्थीको बुँदाटिपोट लेखन क्षमताको सिकाइ उपलब्धि ३४ प्रतिशत भएको तथ्य यस तालिकाले देखाउँदछ ।

### ६.२.३ मध्यमानका आधारमा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त मध्यमानका आधारमा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तत‍ु गरिएको छ :

**तालिका नं. ६.६**

**मध्यमानका आधारमा छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति**


| कूल विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३४ | २६ | ५२ | २४ | ४८ |

माथि दिइएको तालिकाअनुसार रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत छात्राहरूको बुँदाटिपोट क्षमताको प्राप्ताङ्कको मध्यमान ३४ रहेको छ । यस मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि बुँदाटिपोट क्षमता भएका छात्रा विद्यार्थी सङ्ख्या २६ र प्रतिशत ५२ रहेको छ भने मध्यमानभन्दा तल बुँदाटिपोट क्षमता भएका छात्रा विद्यार्थी सङ्ख्या २४ र प्रतिशत ४८ रहेको छ । तसर्थ मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या भन्दा २ अङ्कले बढी भएको देखिन्छ । त्यसैले रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत छात्रा विद्यार्थीहरूको बुँदाटिपोट लेखन क्षमता सन्तोषजनक नै देखिन्छ ।

### ६.२.४ स्तम्भ चित्रका आधारमा छात्रा विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति

चित्र नं. ६.२

छात्रा विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति





माथि दिइएको स्तम्भ चित्रलाई विश्लेषण गर्दा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत जम्मा ५० जना विद्यार्थीहरू छनोटमा परेका मध्ये बुँदाटिपोट क्षमतामा सबैभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २९ रहेको छ । जुन ४१-६० को वर्गान्तरमा रहेको देखिन्छ । त्यसैगरी सबैभन्दा कम ०-२० को बिचमा ० विद्यार्थी सङ्ख्या रहेका छन् भने २१-४० को बिचमा ४ जना र ६१-८० को बिचमा १५ र सबैभन्दा माथिल्लो श्रेणी ८१-१०० मा २ जना विद्यार्थीहरू रहेको तथ्य यस स्तम्भ चित्रले देखाउँदछ ।

### ६.२.५ स्तम्भ चित्रका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति

चित्र नं. ६.३

छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति




माथि दिइएको स्तम्भ चित्रलाई विश्लेषण गर्दा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत जम्मा ५० जना विद्यार्थीहरू छनोटमा परेका मध्ये बुँदाटिपोट क्षमतामा ०-२० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० रहेको छ । त्यसैगरी २१-४० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४ रहेको छ । त्यसैगरी ४१-६० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २२ रहेको छ। त्यस्तैगरी  ६१-८० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १९ रहेको छ भने ८१-१०० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ रहेका तथ्य यस स्तम्भ चित्रले देखाउँदछ।

### ६.२.६ समग्र मध्यमानका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति

**तालिका नं. ६.७**

**समग्र मध्यमानका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति**

| समूह | सङ्ख्या | समग्र मध्यमान | मध्यमान | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | ३४.२ | ३४.२ | २९ | ५८ | २१ | ४२ |
| छात्रा | ५० | | ३४ | २६ | ५२ | २४ | ४८ |

माथि दिइएको तालिकाअनुसार लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति देखाएको छ । जसमा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत पाँचवटा  सामुदायिक र पाँचवटा संस्थागत गरी १० वटा विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूमध्ये ५० जना छात्र र ५० जना छात्रा विद्यार्थीहरूलाई लिइएको छ । जसमा सम्पूर्ण विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान ३४.२ रहेको छ भने छात्र विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान ३४ रहेको छ । त्यस्तैगरी छात्र विद्यार्थीहरूले प्राप्त गरेको मध्यमानभन्दा कम अङ्क ल्याउने छात्र विद्यार्थी सङ्ख्या २१ जना र प्रतिशत ४२ रहेको छ भने मध्यमानभन्दा बढी अङ्क ल्याउने छात्रा विद्यार्थी सङ्ख्या २९ जना र ५८ प्रतिशत रहेको छ । त्यस्तै गरी छात्रा विद्यार्थीहरूले प्राप्त गरेको मध्यमानभन्दा कम अङ्क ल्याउने छात्रा विद्यार्थीहरूको सङ्ख्या २४ जना र ४८ प्रतिशत छ भने मध्यमानभन्दा बढी अङ्क ल्याउने छात्रा विद्यार्थी सङ्ख्या २६ जना र प्रतिशत ५२ रहेको छ ।

माथिको तालिकाअनुसार छात्रा विद्यार्थीहरूको तुलनामा छात्र विद्यार्थीहरूको बुँदाटिपोट लेखन क्षमता राम्रो रहेको देखिन्छ । त्यसैले छात्रा विद्यार्थीहरूभन्दा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा राम्रो रहेको मान्न सकिन्छ । तसर्थ रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूमा छात्रा विद्यार्थीहरू भन्दा छात्र विद्यार्थीहरू बुँदाटिपोट क्षमतामा राम्रो रहेको पाइयो ।

### ६.२.७ वृत्त चित्रका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत ५० जना छात्र र ५० जना छात्रा गरी जम्मा १०० जना विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा प्राप्त गरेको कुल प्राप्ताङ्कलाई तलको वृत्त चित्रमा निम्नानुसार देखाइएको छ :

५० जना छात्राको कूल प्राप्ताङ्क १७९५ रहेको छ भने ५० जना छात्राको कुल प्राप्ताङ्क १७३० रहेको छ ।

१)	छात्र

$$\frac{\text{छात्रको कुल प्राप्ताङ्क}}{\text{छात्र + छात्राको कुल प्राप्ताङ्क}} \times ३६०^\circ$$

$$= \frac{१७९५}{३५२५} \times ३६०^\circ$$

$$= \frac{६४६.२००}{३५२५}$$

$$= १८३.३१ \text{ डिग्री}$$

२)	छात्रा

$$\frac{\text{छात्राको कुल प्राप्ताङ्क}}{\text{छात्र + छात्राको कुल प्राप्ताङ्क}} \times ३६०^\circ$$


$$= \frac{१७३०}{३५२५} \times ३६०^\circ$$

$$= \frac{६२२८००}{३५२५}$$

$$= १७६.६८ \text{ डिग्री}$$

### ६.२.८ वृत्त चित्रका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति

सङ्कलित तथ्याङ्कको आधारमा छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थितिलाई तलको वृत्त चित्रमा देखाइएको छ :




माथि दिइएको तालिका अनुसार लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थितिलाई देखाइएको छ । जसमा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूमध्ये ५० जना छात्रा र ५० जना छात्र विद्यार्थीहरूलाई लिइएको छ । जसमा छात्रा विद्यार्थीहरूले बुँदाटिपोट क्षमतामा प्राप्त गरेको कूल प्राप्ताङ्क १७६.६८° रहेको छ भने छात्रहरूले बुँदाटिपोट क्षमतामा प्राप्त गरेको कुल प्राप्ताङ्क १८३.३१° रहेको छ ।

यसरी प्रस्तुत वृत्त चित्रलाई विश्लेषण गर्दा छात्रा विद्यार्थीहरूले बुँदाटिपोट क्षमतामा प्राप्त गरेको प्राप्ताङ्क भन्दा छात्र विद्यार्थीहरूले बुँदाटिपोट क्षमतामा प्राप्त गरेको प्राप्ताङ्क राम्रो भएको तथ्य यस वृत्त चित्रले देखाउँदछ ।

## अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

कुनै पनि नयाँ कुराको खोजी गर्ने कार्यलाई अनुसन्धान भनिन्छ । नयाँ तथ्य पत्ता लगाउनु वा पुरानै तथ्यको पुनरावलोकन वा पूर्ण व्याख्या गर्ने कार्य अनुसन्धानमा गरिन्छ । तसर्थ प्रस्तुत अनुसन्धानको शीर्षक रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु रहेको छ । माध्यमिक तहको वर्तमान पाठ्यक्रमले कक्षा नौको नेपाली भाषिक सिपसँग सम्बन्धित सुनाइ, बोलाइ, पढाइ, लेखाइसम्बन्धी विभिन्न प्रकारका विशिष्ट उद्देश्यहरू निर्धारण गरेको छ । यसरी प्रस्तुत उद्देश्य पूरा गर्नका लागि कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकमा विभिन्न विधा र क्षेत्रहरू समावेश गरिएको छ । बुँदाटिपोट लेखाइ सिपको महत्त्वपूर्ण कार्यकलापअन्तर्गत पर्दछ । त्यसैले प्रस्तुत सिप विकासका लागि लेखन सिपको महत्त्वपूर्ण भूमिका रहेको छ । यसरी प्रस्तुत अध्ययन रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा केन्द्रित रहेको छ । यस अध्ययपनका उद्देश्यहरू रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्न सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलना गर्न, छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु रहेको छ । उक्त विद्यार्थीहरूको बुँदाटिपोट सम्बन्धित देखिएका कमी कमजोरी पत्ता लगाउनु र ती कमजोरीहरूलाई निराकरण गर्न आवश्यक सुझाव दिनु रहेको छ ।

प्रस्तुत उद्देश्य प्राप्तिका लागि रुकुम जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयहरूलाई नमुनाको रूपमा छनोट गरिएको छ । जसमा प्रत्येक विद्यालयबाट १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरू नमुना छनोटमा परेका छन् । यसरी अध्ययनको क्रममा अध्ययनकर्ता स्वयम् प्रत्येक विद्यालयमा प्रत्यक्ष रूपमा सहभागी भएर सम्बन्धित शिक्षकको सहयोग लिई कक्षामा गएर छनोटमा परेका विद्यार्थीहरूलाई तयार पारेको अनुच्छेद दिएर बुँदाटिपोट गर्न लगाइएको छ । त्यसपछि प्राप्त उत्तर पुस्तिकालाई

भाषिक संयोजन, भाषिक शुद्धता, विषयवस्तुको संगठन, प्रस्तुतीकरण, स्तरीयता, क्रमबद्धता र मौलिकताका आधारमा परीक्षण गरिएको छ ।

यसरी परीक्षणपछि प्राप्त तथ्याङ्कलाई आधार मानी विभिन्न आधारमा वर्गीकरण गरिएको छ । जसमा प्रतिशतका आधारमा वर्गीकरण गर्दा पाँचवटा श्रेणीमा विभाजन गरिएको छ । त्यसैगरी विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा मध्यमान निकाली मध्यमानभन्दा बढी र मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरू छुट्याएर वर्गीकरण गरिएको छ । यसरी प्राप्ताङ्कको आधारमा विद्यार्थीहरूलाई विभिन्न श्रेणीमा वर्गीकरण गरेपछि समग्रताका आधारमा विद्यालयको प्रकृतिका आधारमा (सामुदायिक र संस्थागत) लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको व्याख्या विश्लेषण गरिएको छ ।

यसरी समग्रमा भन्नुपर्दा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सन्तोषजनक नै रहेको देखिन्छ । लैङ्गिकताका आधारमा छात्राभन्दा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो देखिन्छ ।

## ७.२ निष्कर्ष

प्रस्तुत अध्ययनमा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययनसँग सम्बन्धित निम्नलिखित निष्कर्ष निकालिएको छ :

- प्रस्तुत अध्ययनमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्न प्राप्ताङ्कलाई आधारमानी पाँचवटा श्रेणीमा विभाजन गरिएको छ ।
- बुँदाटिपोट लेखनले भाषालाई स्तरीय र सरल बनाउँदै बुँदाटिपोट गर्न क्रममा देखिएका त्रुटि वा कमजोरीहरू समाधान गर्न सहयोग गर्दछ ।
- प्रस्तुत अध्ययनमा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशत, स्तम्भ चित्र, मध्यमान, मध्यमानभन्दा बढी मध्यमानभन्दा कम गरी छुट्याइएको छ ।
- प्रस्तुत अध्ययनमा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ३४.२ रहेको छ ।

- समग्र विद्यार्थीहरू बुँदाटिपोट क्षमतामा मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५४ र मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४६ रहेको छ ।
- समग्रताकै आधारमा सबैभन्दा माथिल्लो श्रेणीमा ७ र तल्लो श्रेणीमा ० प्रतिशत रहेको हुँदा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सन्तोषजनक नै रहेको पाइयो ।
- त्यस्तैगरी समग्रतालाई नै आधार मानी हेर्दा धेरै विद्यार्थी मध्य र उच्च श्रेणीमा रहको हुँदा सामुदायिक र संस्थागत विद्यालयको पठनपाठनमा एकरूपता नभएको पाइयो भने विद्यार्थीहरूलाई प्रशस्त मात्रामा बुँदाटिपोट सम्बन्धी अभ्यास गराउनु पर्ने देखियो ।
- विद्यालयको प्रकृतिका आधारमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको सबैभन्दा माथिल्लो श्रेणीमा १० प्रतिशत र तल्लो श्रेणीमा विद्यार्थीहरू नभएको देखिन्छ ।
- त्यसैगरी सामुदायिक विद्यालयको मध्यमानलाई आधार मानी हेर्दा मध्यमान ३२.८ रहेको छ भने मध्यमानभन्दा माथिको सङ्ख्या ३० र प्रतिशत ६० रहेको छ भने मध्यमानभन्दा तलको सङ्ख्या २० र प्रतिशत ४० रहेको हुँदा सामुदायिक विद्यालयका विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो देखिन्छ ।
- विद्यालयको प्रकृतिका आधारमा हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरू सबैभन्दा माथिल्लो श्रेणीमा सङ्ख्या ५ र प्रतिशत १० रहेको छ भने सबैभन्दा तल्लो श्रेणीमा कुनै पनि विद्यार्थीहरू नभएको देखिन्छ ।
- संस्थागत विद्यालयको मध्यमानलाई आधार मानी हेर्दा मध्यमान ३५.८ रहेको छ । मध्यमानभन्दा माथिको सङ्ख्या २५ र प्रतिशत ५० रहेको छ भने मध्यमानभन्दा तल सङ्ख्या २५ र प्रतिशत ५० रहेको हुँदा संस्थागत विद्यालयको विद्यार्थीहरूको बुँदाटिपोट क्षमता ठिकै देखिन्छ ।
- विद्यालयको प्रकृतिका आधारमा समग्र १०० वटा विद्यालयलाई तुलना गर्दा संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो ।

- लैङ्गिकताका आधारमा हेर्दा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सबैभन्दा तल्लो श्रेणीमा ० र सबैभन्दा माथिल्लो. श्रेणीमा १० प्रतिशत विद्यार्थीहरू रहेको पाइयो ।
- छात्र विद्यार्थीहरूको मध्यमानलाई आधारमानी हेर्दा छात्रहरूको समग्र मध्यमान ३४.२ रहेको छ । मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २९ र प्रतिशत ५८ रहेको छ भने मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २१ र प्रतिशत ४२ रहेको हुँदा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो देखिन्छ ।
- त्यस्तैगरी लैङ्गिकताका आधारमा हेर्दा छात्रा विद्यार्थीको बुँदाटिपोट क्षमता सबैभन्दा तल्लो श्रेणीमा ० र सबैभन्दा माथिल्लो श्रेणीमा ४ प्रतिशत रहेको देखिन्छ ।
- छात्रा विद्यार्थीहरूको मध्यमानलाई आधार मानी हेर्दा छात्राहरूको समग्र मध्यमान ३४ रहेको छ । मध्यमानभन्दा माथिको सङ्ख्या २६ र प्रतिशत ५२ रहेको छ भने मध्यमानभन्दा तलको सङ्ख्या २४ र ४८ प्रतिशत विद्यार्थीहरू रहेको हुँदा छात्राहरूको बुँदाटिपोट क्षमता पनि सन्तोषजनक नै रहेको पाइयो ।
- समग्रमा लैङ्गिकताका आधारमा तुलना गरेर हेर्दा छात्रा विद्यार्थीहरूको तुलनामा छात्र विद्यार्थीहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको पाइयो ।
- यसरी सम्पूर्ण आधारहरूलाई केलाएर हेर्दा रुकुम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमतामा एकरूपता पाइएन त्यसैले सम्बन्धित विषय शिक्षकहरूलाई तालिम दिनुका साथै विषय शिक्षकहरूले पनि विद्यार्थीहरूको रुचि, इच्छा, चाहना, आवश्यकता र समस्यालाई ख्याल गरी विद्यार्थीहरूको बुँदाटिपोट क्षमता वृद्धि गर्ने प्रशस्त मात्रामा कार्यकलापहरू गराउनु आवश्यक देखिन्छ ।

## ७.३ उपयोगिता

अनुसन्धान कार्य आफैँमा जटिल र चुनौतीपूर्ण कार्य हो । तसर्थ हरेक अनुसन्धानको आ-आफ्नो किसिमको महत्त्व र उपयोगिता रहेको हुन्छ । अनुसन्धानले नयाँ कुराको खोजी गर्न पुरानो तथ्यको पुनरावलोकन तथा पुनर्व्याख्या गर्ने भएकाले भाषिक क्षेत्रमा यसको आफ्नै प्रकारको महत्त्व रहन्छ । भाषाका चारवटा सिप सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको

विकास गर्न भाषिक सिपहरूको शिक्षण गर्न आवश्यक हुन्छ । भाषाका चारवटै सिपहरूमध्ये लेखाइ सिप महत्त्वपूर्ण सिपका रूपमा रहेको हुन्छ । लेखाइ सिपका माध्यमबाट नै व्यक्तिले लिखित अभिव्यक्ति क्षमताको विकास गर्दछ । त्यसैले लेखाइ सिपका विभिन्न कार्यकलापहरू मध्ये बुँदाटिपोट महत्त्वपूर्ण कार्यकलाप हो । बुँदाटिपोट भाषिक सिपसँग सम्बद्ध छ । बुँदाटिपोटले विभिन्न पाठमा रहेका अनुच्छेदमा रहेका वा देखेका, सुनेका र अनुभव गरेका कुरालाई बुँदागत रूपमा टिपोट गरेर राख्ने कार्यलाई बुँदाटिपोट भनिन्छ । कुनै पनि कुरालाई बुँदागत रूपमा टिपोट गरी राख्दा स्थायी हुन्छ र आफूले अनुभव गरेका कुरालाई अरू समक्ष प्रस्तुत गर्न ती कुराहरू स्मरणमा राखी राख्न र भविष्यमा आफू वा अरूलाई आवश्यक पर्दा उपयोगमा ल्याउन बुँदाटिपोटले महत्त्वपूर्ण भूमिका खेल्दछ ।

बुँदाटिपोट लेखनले विद्यार्थीहरूलाई शुद्ध र मानक स्तरीय भाषा प्रयोग गर्न सहयोग पुऱ्याउँदछ साथै नेपाली भाषा प्रयोगकर्ताहरू शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाविद् र अन्य व्यक्तिहरूलाई यो बुँदाटिपोट क्षमताको अध्ययन उपयोगी रहने छ । त्यसैले प्रस्तुत अध्ययनको शैक्षिक उपयोगिता बुँदागत रूपमा निम्नानुसार रहेका छन् :

### ७.३.१ नीतिगत तह

जुनसुकै कार्यलाई सफल र प्रभावकारी बनाउनका लागि नीतिको आवश्यकता पर्दछ । नीति नियम र अनुशासनलाई अवलम्बन गरी अगाडि बढेमा जुनसुकै कठिन कार्य पनि सहज रूपमा अगाडि बढ्न सक्दछ । त्यसैले प्रस्तुत अध्ययनका नीतिगत उपयोगिता निम्नानुसार छन् :

- माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रममा बुँदाटिपोट सम्बन्धी निश्चित पाठ्यभार उपयुक्त कार्यकलापहरू समावेश नभएको हुँदा अब आउने पाठयक्रममा बुँदाटिपोट सम्बन्धी कार्यकलापहरू पाठयक्रममा राख्न यस अध्ययनले सहयोग पुऱ्याउने छ ।
- प्रस्तुत अध्ययनबाट कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको विकास गर्न सहयोग पुऱ्याउँछ ।
- यस अध्ययनले भाषा पाठ्यक्रममा पाठ्यपुस्तकलाई समय सापेक्ष परिष्कार र परिमार्जन गर्न सहयोग पुऱ्याउने छ ।

- यस अध्ययनले नेपाली भाषा शिक्षण गर्न शिक्षक, विद्यार्थी, अभिभावक र सरोकारवाला सबैलाई उचित मार्गदर्शन प्रदान गर्न छ ।
- विद्यालयको प्रवृत्ति तथा लैङ्गिकताका आधारमा बुँदाटिपोट क्षमताको स्थितिबारे जानकारी गराई लेखनमा पछि परेका विद्यार्थीहरूको स्तर उकास्ने खालका कार्यकलापहरू गराउन सहयोग गर्ने छ ।
- प्रस्तुत अध्ययनले भाषा पाठ्यपुस्तक निर्माण गर्दा समावेश गरिने भाषिक सिपहरू विद्यार्थीको क्षेत्र, लिङ्ग, क्षमता, स्तरीयता, भाषिक पृष्ठभूमि, उमेर, रुचि, आवश्यकता आदि जस्ता कुरालाई ध्यान दिई समावेश गराउनु पर्छ भन्ने कुरामा पाठयपुस्तक निर्माणकर्ताहरूलाई सचेत गराउने छ ।

### ७.३.२ प्रयोगगत तह

बुँदाटिपोट क्षमताको प्रयोगको तह भाषिक सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ मध्ये लेखाइ सिप सबैभन्दा महत्त्वपूर्ण स्थायी सिपका रूपमा रहेको छ । कुनै पनि कुरालाई लिपिबद्ध रूपमा राख्दा दीर्घकालसम्म रहिरहने हुन्छ । त्यसैले लेखन सिप विकासका विभिन्न कार्यकलापहरूमध्ये बुँदाटिपोट क्षमता एक हो । बुँदाटिपोट क्षमताको अभ्यासबाट लेखनकला शैलीको विकास हुन्छ । त्यसैले प्रस्तुत अध्ययनको प्रयोगगत तहमा हुने उपयोगिता यसप्रकार छन् :

- प्रस्तुत अध्ययनले विद्यालय तहमा बुँदाटिपोट शिक्षण क्रियाकलापमा सुधार गर्नुपर्ने कुरामा सहयोग गर्ने छ ।
- यस अध्ययनले विद्यार्थीहरूको मनोविज्ञानलाई बुझेर शिक्षण गर्नु पर्ने कुरामा जोड दिनेछ ।
- यस अध्ययनले विद्यार्थीहरूलाई ध्यानपूर्वक पढ्ने र मनन गर्ने क्षमताको विकास गर्ने छ ।
- यस अध्ययनले विद्यार्थीहरूको लेखाई सिपको विकास गर्न सहयोग गर्ने छ ।
- माध्यमिक तहमा बुँदाटिपोट क्षमताको महत्त्वबारे स्पष्ट पार्न छ ।

- विद्यार्थीहरूको लेखाइमा शुद्धता, स्पष्टता, क्रमबद्धता र स्तरीयता ल्याउने क्षमताको विकास गराउन सहयोग गर्ने छ ।
- यस अध्ययनले विद्यार्थीहरूको सिर्जनात्मक शैलीको विकास गर्न, भाषिक संरचनामा प्रयोग हुने लेख्य चिह्न, वर्णविन्यास र विषयवस्तुको शुद्धता आदिलाई सही ढङ्गले प्रयोग गर्न सहयोग गर्न छ ।

## ७.४ सुझाव

रुकुम जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन शीर्षकको प्रस्तुत शोध अध्ययनबाट प्राप्त शोध निष्कर्षका आधारमा बुँदाटिपोट क्षमताको विकास गराउन सम्बन्धित सबै पक्ष, शिक्षक, विद्यार्थी, अभिभावक, पाठ्यक्रमविद्, विषय विशेषज्ञ सबै पक्षलाई निम्नानुसार सुझाव दिन सकिन्छ ।

- विद्यार्थीहरूको भाषिक क्षमताको विकास गराउन कक्षा शिक्षणमा विविध कार्यकलापका साथै बुँदाटिपोट लेखन क्षमताको पनि अभ्यास गराउनु आवश्यक देखिन्छ ।
- भाषा पाठ्यपुस्तक निर्माण गर्दा विद्यार्थीको रुचि, इच्छा, आवश्यकता, भाषिक पृष्ठभूमि सबै आधारलाई ध्यानमा राखेर पाठ्यपुस्तकलाई छनोट र स्तरण गर्नु पर्दछ ।
- नेपाली विषयप्रति अभिभावक तथा विद्यार्थीहरू बिच नकारात्मक धारणा हटाएर नेपाली विषयप्रति सकारात्मक धारणाको विकास गर्नु पर्दछ ।
- भाषिक सिपहरूमध्ये लेखाइ सिप महत्त्वपूर्ण सिप भएकाले भाषा पाठ्यपुस्तक निर्माण गर्दा लेखाइ सम्बन्धी अभ्यासहरू प्रशस्त मात्रामा समावेश गराउनु पर्ने देखिन्छ ।
- प्रत्येक विद्यालयमा नेपाली विषयको शिक्षक नियुक्ति गर्दा नेपाली विषयमा नै दक्षता प्राप्त शिक्षक नियुक्ति गर्नुपर्दछ ।
- प्रत्येक विद्यालयमा विद्यार्थीहरूको सङ्ख्या हेरी आवश्यकताअनुसार शिक्षक दरबन्दी थप गराउनु पर्दछ ।

- शिक्षणसिकाइ कार्यकलाप गराउँदा विद्यार्थीहरूको मनोविज्ञानलाई बुझेर विद्यार्थीकेन्द्रित शिक्षण विधिको प्रयोग गर्नुपर्दछ ।
- भाषा पाठ्यक्रममा पाठ्यपुस्तकलाई समयसापेक्ष परिष्कार परिमार्जन गरी शिक्षण सिकाई कार्यकलापमा आधुनिक शैक्षिक सामग्रीको प्रयोयमा जोड दिनुपर्दछ ।
- माध्यमिक तहका विद्यार्थीहरूले विशेषगरी बुँदाटिपोट क्षमताका क्रममा भाषिक संयोजन, भाषिक शुद्धता, भाषिक प्रस्तुतीकरण स्तरीयता, विषयवस्तुको संगठन क्रमबद्धता र मौलिकता जस्ता पक्षमा त्रुटि गरेकाले यस्ता पक्षको पृष्ठपोषण दिनुपर्दछ ।
- सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका विद्यार्थी बुँदाटिपोट क्षमतामा कमजोर रहेकाले संस्थागत विद्यालयले नेपाली विषयलाई पनि अलि बढी जोड दिई विद्यार्थीहरूको लेखन कला सिपको विकासमा सुधार ल्याउन उनीहरूलाई प्रशस्त मात्रामा अभ्यास गर्न आवश्यक देखिन्छ ।

# सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज (२०६३), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०६८), *प्रायोगिक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०६१), *प्रारम्भिक नेपाली शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, ब्रतराज (२०५८), *आधारभूत नेपाली व्याकरण तथा रचना,* ललितपुर : साझा प्रकाशन ।

ओली, वीणा (२०६८), *रुकुम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठीलेखन क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

कोइराला, प्रदीप (२०७३), *सिन्धुपाल्चोक जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

क्षेत्री, चित्रकुमारी (२०७२), *कास्की जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खत्री, मीरा (२०६६), *उच्च माध्यमिक तह कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गौतम, पवित्रा (२०६७), *कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरूको सारांशलेखन क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गौतम, देवीप्रसाद र अन्य (२०७०), *स्नातक नेपाली,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

ज्ञवाली, हिरण्यलाल र ज्ञवाली, कपिलमणि (२०६५), *शैक्षिक तथा सिर्जनात्मक लेखन,* काठमाडौँ : एजुकेशन पब्लिकेसन हाउस ।

डाँगी, भिमा (२०७१), *बर्दिया जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढुङ्गेल, सस्मिता (२०७१), *पाँचथर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि., कमलपोखरी ।

पौडेल, हेमनाथ र पौडेल, नेत्रप्रसाद (२०६६), *अनिवार्य नेपाली व्याकरण बोध हाते समीक्षा,* काठमाडौँ : पैरवी प्रकाशन ।

बखेल, सरला (२०६५), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

बन्धु, चूडामणि (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६६), *अनिवार्य नेपाली व्याकरण, अभिव्यक्ति र अभ्यास,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

बराल, पुरुषोत्तम (२०६६), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, पारसमणि र अन्य (२०६९), *भाषिक अनुसन्धान विधि,* काठमाडौँः पिनाकल पब्लिकेसन प्रा.लि. ।

भण्डारी, पारसमणि र अन्य (२०६५), *साधारण नेपली,* काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

राई, उर्मिला (२०७२), *ललितपुर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लम्साल, रामचन्द्र र अन्य (२०६५), *साधारण नेपाली,* काठमाडौँ : शुभकामना प्रकाशन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०५७), *शब्दरचना र वर्णविन्यास,* काठमाडौँः नवीन प्रकाशन ।

सापकोटा, मायाकुमारी (२०६४), *कक्षा नौ र दशका विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

सिग्देल, निर्मला (२०६९), *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन,* शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।